महालेखापरीक्षकको कार्यालय

अनामनगर/बबरमहल

# लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन

## आर्थिक वर्ष - २०८०/८१

## छेडागाड नगरपालिका, जाजरकोट

## ८०६६६४०१३००

## छेडागाड नगरपालिका , जाजरकोट

महालेखापरीक्षकको कार्यालय
**Office of the Auditor General**
कर्णाली प्रदेश लेखापरीक्षण निर्देशनालय
काठमाडौं

प.सं.:२०८१/८२ मिति : २०८१-६-१५

च.न :

**विषयः लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन ।**

श्री कार्यालय प्रमुख ज्यु ,
छेडागाड नगरपालिका, जाजरकोट ,
छेडागाड नगरपालिका , जाजरकोट

लेखापरीक्षण ऐन, २०७५ अनुसार त्यस कार्यालयको आर्थिक वर्ष २०८०/०८१ को विनियोजन/राजस्व/धरौटी/अन्य कारोबारको आर्थिक विवरण तथा सोसँग सम्बन्धित कागजपत्र र विवरण परीक्षण गरी मिति २०८१।६।११ मा छलफल पश्चात् तयार गरिएको पाना ५० को प्रारम्भिक प्रतिवेदन यसैसाथ छ। कार्यालयबाट पेस भएको आर्थिक विवरणप्रतिको उत्तरदादयित्व प्रचलित कानुन बमोजिम जिम्मेवार व्यक्तिको हो। लेखापरीक्षकको उत्तरदायित्व नेपाल सरकारी लेखापरीक्षणमान बमोजिम आर्थिक विवरण परीक्षण गरी प्रतिवेदन गर्नु हो। प्रतिवेदनमा उल्लिखित ब्यहोराका सम्बन्धमा कर्णाली प्रदेशको आर्थिक कार्यविधि ऐन २०७४ को दफा ३५( २ )अनुसार ३५ दिनभित्र फर्स्यौट गरी सम्परीक्षण गराउनु हुनेछ। उक्त समयभित्र फर्स्यौट गरी सम्परीक्षण नगराएमा वा सम्परीक्षण गराई बाँकी रहेका ब्यहोराहरू समावेश गरी कार्यपालिका प्रमुखलाई जानकारी गराइने ब्यहोरा निर्देशानुसार अनुरोध गर्दछु।

पार्वती कंडेल
निर्देशक

बोधार्थ तथा कार्यार्थः
श्री संघीय मामिला तथा सामान्य प्रशासन
मन्त्रालय, सिंहदरबार, काठमाडौं ।,
info@mofaga.gov.np
श्री कोष तथा लेखा नियन्त्रक कार्यालय
जाजरकोट ।, jajarkot.dtco@fcgo.gov.np

# परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय :-** स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो। स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस नगरपालिकामा १३ वडारहेको छ भने क्षेत्रफल२८४.२ वर्ग किलोमिटर तथा ३७८७७ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्वेश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतितपत्र गर्नु लेखापरीक्षणको उद्वेश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१।६।३ देखि २०८१।६।८ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त प्राविधिक ज्ञानको कमी, भौगोलिक विकटता तथा बर्षातको कारण भौतिक एवं स्थलगत अवलोकन गर्न कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** नगरपालिकाको आय – व्ययतर्फ रु. ११३१४६५४१६ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को बिष्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा दोहोरो भत्ता बापत रु ५१०० र सामाजिक सुरक्षा वापत रु ११००६०५। गरी जम्मा रु ११०५७०५। असुल भई दाखिला भएको प्रमाण पेश भएको छ ।

२ **वित्तीय प्रतिवेदन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(२) मा स्थानीय तहले महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाको आर्थिक कारोवारको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । पालिकाले वर्षभरी गरेको सम्पूर्ण आर्थिक

कारोवारको लेखाङ्कन स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत आर्थिक विवरण (म.ले.प.फा.नं २७०) प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत आर्थिक विवरण तयार गरेको छ ।

| प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय) | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | चालु आ.ब.को कारोबार | | | गत आ.ब. को कारोबार | | |
| क्र.स./आर्थिक सङ्केत | विवरण | टिप्पणी नं | नगद | तेस्रो पक्ष भुक्तानी ( सोझै भुक्तानी) | जम्मा | नगद | तेस्रो पक्ष भुक्तानी ( सोझै भुक्तानी) | जम्मा |
| | राजस्व, अनुदान र अन्य प्राप्ति | | | | | | | |
| ११००० | कर | | ११, ५३ , ४५ , ४८२.१० | ० | ११, ५३ , ४५ , ४८२.१० | १०, १७ , २७ , ६८४.८१ | ० | १०, १७ , २७ , ६८४.८१ |
| १३००० | अनुदान | | ५५, ५५ , ९० , ९४७.०० | ० | ५५, ५५ , ९० , ९४७.०० | ५६, ०९ , ५१ , २९१.०० | ० | ५६, ०९ , ५१ , २९१.०० |
| १४००० | अन्य राजस्व | | ४५, ९२ , १५७.०७ | ० | ४५, ९२ , १५७.०७ | ४८, ०२ , ६३३.०० | ० | ४८, ०२ , ६३३.०० |
| १५००० | विविध प्राप्ति | | ११, ४५ , १५७.०० | ० | ११, ४५ , १५७.०० | ० | ० | ० |
| क | कुल जम्मा प्राप्ति | | ६७, ६६ , ७३ , ७४३.१७ | | ६७, ६६ , ७३ , ७४३.१७ | ६६, ७४ , ८१ , ६०८.८१ | | ६६, ७४ , ८१ , ६०८.८१ |
| ३ | चालु | | ५६, १७ , ८७ , ४००.०० | ० | ५६, १७ , ८७ , ४००.०० | ५५, ६४ , २५ , ४४९.०० | ० | ५५, ६४ , २५ , ४४९.०० |
| २१००० | पारिश्रमिक / सुविधा | | २८, ९३ , ८१ , ६३५.०० | ० | २८, ९३ , ८१ , ६३५.०० | २७, २५ , ७५ , ३४४.०० | ० | २७, २५ , ७५ , ३४४.०० |
| २२००० | मालसामान तथा सेवाको उपयोग | | ११, ५६ , ७३ , १३९.०० | ० | ११, ५६ , ७३ , १३९.०० | १४, १४ , ७१ , १८२.०० | ० | १४, १४ , ७१ , १८२.०० |
| २५००० | सहायता (Subsidy) | | १४, ४९ , ४७ , ६००.०० | ० | १४, ४९ , ४७ , ६००.०० | ११, ६२ , २५ , ४४१.०० | ० | ११, ६२ , २५ , ४४१.०० |
| २७००० | सामाजिक सुरक्षा | | ८४, २८ , ५७९.०० | ० | ८४, २८ , ५७९.०० | ८३, ६३ , ९९४.०० | ० | ८३, ६३ , ९९४.०० |
| २८००० | अन्य खर्च | | ३३, ५६ , ४४७.०० | ० | ३३, ५६ , ४४७.०० | १, ७७ , ८९ , ४८८.०० | ० | १, ७७ , ८९ , ४८८.०० |
| ४ | पूंजीगत | | १२, १२ , ५६ , ७९३.०० | ० | १२, १२ , ५६ , ७९३.०० | १३, ६३ , ९५ , ३८६.०० | ० | १३, ६३ , ९५ , ३८६.०० |
| ३१११० | भवन तथा संरचना | | ५, २६ , ७६ , ६१०.०० | ० | ५, २६ , ७६ , ६१०.०० | ६, ७७ , ७६ , २७५.०० | ० | ६, ७७ , ७६ , २७५.०० |
| ३११२० | सवारी साधन, मेशिनरी औजार , फर्निचर्स तथा फिक्चर्स | | ५८, ७९ , ५८०.०० | ० | ५८, ७९ , ५८०.०० | १, ०१ , ५६ , ४६१.०० | ० | १, ०१ , ५६ , ४६१.०० |
| ३११३० | अन्य पूँजीगत खर्च | | ० | ० | ० | १, ९६ , ७३४.०० | ० | १, ९६ , ७३४.०० |
| ३११५० | सार्वजनिक निर्माण | | ५, ५४ , ५८ , ९२४.०० | ० | ५, ५४ , ५८ , ९२४.०० | ५, ८२ , ६५ , ९१६.०० | ० | ५, ८२ , ६५ , ९१६.०० |
| ३११६० | निर्मितसरचनाको | | ५, ८० , | ० | ५, ८० , | ० | ० | ० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | सुधार खर्च | | ०००.०० | | ०००.०० | | | |
| ३११७० | पूँजीगत सुधार खर्च | | ३९,६१,६७९.०० | ० | ३९,६१,६७९.०० | ० | ० | ० |
| ३१४१० | जग्गाप्राप्ति खर्च | | २७,००,०००.०० | ० | २७,००,०००.०० | ० | ० | ० |
| ख) | कुल जम्मा भुक्तानी | | ६८,३०,४४,१९३.०० | | ६८,३०,४४,१९३.०० | ६९,२८,२०,८३५.०० | | ६९,२८,२०,८३५.०० |
| ग) | बचत /कमी (ग = क-ख ) | | (६३,७०,४४९.८३) | | (६३,७०,४४९.८३) | (२,५३,३९,२२६.१९) | | (२,५३,३९,२२६.१९) |
| घ) | धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/ घट (+/-) | | २,५२,९७,४५३.८० | | २,५२,९७,४५३.८० | ३६,७७,९१०.३४ | | ३६,७७,९१०.३४ |
| घ.१) | कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | १२,३२०.०० | | १२,३२०.०० | -१,५६०.०० | | -१,५६०.०० |
| ङ) | यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ) | | १,८९,२७,००३.९७ | | १,८९,२७,००३.९७ | (२,१६,६१,३१५.८५) | | (२,१६,६१,३१५.८५) |
| च) | गत आ.व.को नगद तथा बैंक मौज्दात | | १,८४,६८,३४८.९१ | | १,८४,६८,३४८.९१ | ४,०१,२९,६६४.७६ | | ४,०१,२९,६६४.७६ |
| छ) | विनिमय नाफा/ घाटा तथा अन्य समायोजन | | | | | | | |
| ज) | आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ) | | ३,७३,९५,३५२.८८ | | ३,७३,९५,३५२.८८ | १,८४,६८,३४८.९१ | | १,८४,६८,३४८.९१ |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

३ **वित्तिय विवरण परीक्षण सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन् ।**

३.१ **वित्तीय विवरणको यथार्थता** - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ । पालिकाले

सामाजिक सुरक्षा तथा संरक्षणको रु१३७११९८७८।, एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु २२७५७०००।, गरिबसँग विश्वेश्वर कार्यक्रमको रु १०९५०००। आन्तरिक मामिला तथा कानून मन्त्रालयको रु ७४४०००। र एकिकृत स्वास्थ्य व्यवस्थापन कार्यक्रमको रु ३०००००। गरी जम्मा १६२०१५८७८। सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

कोष तथा लेखा नियन्त्रकको कार्यालयबाट निकासा प्राप्त

| बजेटउपशिर्षक | कार्यक्रम | वार्षिक बजेट | निकासा | खर्च |
|---|---|---|---|---|
| ३१४०१०१२३ | सामाजिकसुरक्षा तथा संरक्षण | १५०३३६४४० | १३७११९८७८ | १३७११९८७८ |
| ३३६००१०२३ | गरिबसँगविश्वेश्वर कार्यक्रम | १०९५००० | १०९५००० | १०९५००० |
| ३७००११६४ | एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम | २२७५७००० | २२७५७००० | २२७५७००० |
| जम्मारु | | १७४१८८४४० | १३९५०५०८७८ | १३९५०५०८७८ |

प्रदेश लेखा इकाईबाट निकासा प्राप्त

| बजेटउपशिर्षक | कार्यक्रम | वार्षिक बजेट | निकासा | खर्च |
|---|---|---|---|---|
| ३१४०००११३ | आन्तरिक मामिला तथा कानून मन्त्रालय | १७९२००० | ७४४००० | ७४४००० |
| ३५००२९०२३ | एकिकृत स्वास्थ्य व्यवस्थापन कार्यक्रम | ३००००० | ३००००० | ३००००० |
| | जम्मा रु | २०९२००० | १०४४००० | १०४४००० |

सैद्धान्तिक बेरुजु

३.२

**बैङ्क हिसाब विवरण** -स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छ ।

| खाता | स्रेस्ताअनुसार मौज्दात रु. | बैङ्क स्टेटमेन्टअनुसार वर्षान्तको मौज्दात रु. | फरक रु. |
|---|---|---|---|
| स्थानीय तहसञ्चित कोष खाता | ७०५५६३३.६९ | ७०५५६३३.६९ | ० |
| चालु खर्च खाता | ० | १२३२० | ० |
| पुँजीगत खर्चखाता | ० | ० | ० |
| विविधखर्च खाता | ४०७०४४९.७३ | ४०७०४४९.७३ | ०. |
| विपद व्यवस्थापन खाता | २०६९४२६०.९१ | २०६९४२६०.९१ | ० |
| स्थानीय विभाज्य कोष | १७८८३४.६४ | १७८८३४.६४ | ० |
| कर्मचारीकल्याणकोष खाता | ० | ० | ० |
| धरौटी | ५३८२६२० | ५३८२६२० | ० |
| ग१.१,आन्तरिक राजस्व खाता | ० | ० | ० |
| ग१.२,बाँडफाँडबाट प्राप्त राजस्व खाता | ० | ० | ० |
| **जम्मा** | **३७३८१७९८.९७** | **३७३९४११८.९७** | **१२३२०.** |

सैद्धान्तिक बेरुजु

३.३ **सञ्चित कोषमा स्थानान्तरण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको सञ्चित कोषमा स्वतः जम्मा (स्थानान्तरण) हुने व्यवस्था छ।आर्थिक वर्ष समाप्त पश्चात पनि पालिकाको चालु खर्च खातामारु १२३२०मौज्दात रहेको देखियो । अत उक्त रकमवर्षान्तमा विभिन्न भुक्तानीहरुमा कट्टी गरेको कर दायित्व देखाएकोमा उक्त रकम सम्बन्धित खातामा दाखिला हुनुपर्दछ ।

| प्रमाण पेश नगरेको | १२,३२० |
|---|---|

३.४ **फरक हिसाब**–यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन(म.ले.प.फा.नं.२७०) ले देखाएको गत वर्षको जिम्मेवारी रु१८४६८३४८।९१ सारेको पाइयो । तर गत वर्ष को महालेखापरीक्षकको कार्यालयको अन्तिम प्रतिवेदनमा रु१८४८६५३१।९१ मौज्दात बाँकी देखाएकोमा सोही रकम यस वर्ष अ ल्या गर्नुपर्नेमा रु१८१८३ घटी अ ल्या गरेको देखिन्छ । अत घटी मौज्दात सारेको रकम बैंकमा आम्दानी बाँधी हिसाब मिलान गर्नुपर्दछ ।

| प्रमाण पेश नगरेको | १८,१८३ |
|---|---|

## ४ आन्तरिक नियन्त्रण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन:

- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन ।
- पालिकाले एक आर्थिक वर्षको अन्त्य भित्र भएको आफ्नो आर्थिक कारोवारको अनुसुची 14 वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।

- पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन। साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।
- कार्यालयको श्रेष्ता र बैकबिचको हिसाव फरक परे वा नपरेको सम्बन्धमा बैंक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन ।
- CGAS बाट हुने कारोवार बाहेक अन्य सबै कारोबारको EFT नगरी चेक मार्फत कारोवार गर्ने गरेको देखियो ।
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिमके मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।
- स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति रहने व्यवस्था गरेकोमा पालिकाले उक्त समिति गठन गरेको पाईएन ।
- विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितरणमुखी रहेको पाईयो।
- पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो
- वडा कार्यालयमा रहेका जिन्सी समान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।
- जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नुपर्नेमा गरेको पाईएन ।
- कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।
- कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखी कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।
- ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली बनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा बनाएको पाईएन ।
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।
- संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता भई गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।
- सञ्चालित योजनाको सूचना पाटीमा आय-व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांश: पालना भएको पाईएन।
- वातावरणको संरक्षणको एकीकृत दीर्घकालिन योजना तयार नगरेको
- सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।
- निजामती सेवा ऐन, २०४९ वमोजिम कार्य विवरण बनाई लागु गरेको पाईएन ।
- निजामती सेवा ऐन, २०४९ को दफा ७ ख २ वमोजिम तलबी प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलबी प्रतिवेदन पारित नगरि खर्च लेखेको पाईयो ।

- मन्त्रालयको मिति २०७३।१२।२५ को परिपत्र अनुसार यस पालिकामा समाहित भएका साविकका गाँउ विकास समितिको नाममा रहेका पेश्की तथा वेरुजुको लगत तयार गरेको पाईएन ।

तसर्थ आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५ **आन्तरिक लेखापरीक्षण**

स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७७ मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । नगरपालिकामा खर्चतर्फको आन्तरिक लेखापरीक्षण गरेको भएता पनि आन्तरिक आयको लेखापरीक्षण गरेको देखिएन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

६ **आन्तरिक आय**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८०।८१ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| १११४४३६५५२।६४ | १९५२१३१८ | १.७५ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा १.७५ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

७ **आय अनुमान**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु ६५००००० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष२०८०।८१ मा रु ७५३२२२६।६० अर्थात अनुमान भन्दा १५ प्रतिशत बढी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

सैद्धान्तिक बेरुजु

८ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नपर्दछ ।

सैद्धान्तिक बेरुजु

९ **कर तथा शुल्क असूली**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । यस आर्थिक बर्षमा विभिन्न आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| सि नं | विवरण | रकम |
|---|---|---|
| १ | सम्पतीकर | ३,०८५.०० |
| २ | भुमिकर/मालपोत | १६,०६,२७८.४१ |
| ३ | घरजग्गा रजिष्ट्रेशन दस्तुर | ४०० |
| ४ | वहाल कर | १,८४,३७५.६७ |
| ५ | व्यवसायले भुक्तानी गर्ने | १०० |
| ६ | कृषितथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर | ७७,५५०.०० |
| ७ | अन्य कर | १,३६,९००.०० |
| ८ | अन्य सेवा शुल्क तथा बिक्री | १,१६,०००.०० |
| ९ | शिक्षा क्षेत्रको आम्दानी | ६,५००.०० |
| १० | परीक्षा शुल्क | ५,५००.०० |
| ११ | अन्य प्रशासनिक सेवा शुल्क | ३,५३,८४०.०० |
| १२ | नक्सापास दस्तुर | १३,१०५.५२ |
| १३ | सिफारिश दस्तुर | २५,२९,१७०.०० |
| १४ | व्यक्तिगत घटना दर्ता दस्तुर | ५,७७,५००.०० |
| १५ | नाता प्रमाणित दस्तुर | ३५,६००.०० |
| १६ | अन्य दस्तुर | ३,८७,७१५.०० |
| १७ | व्यावसाय रजिष्ट्रेशन दस्तुर | १,५७,०००.०० |
| १८ | विद्युत सम्बन्धी दस्तुर | ३०० |
| १९ | अन्य राजस्व | ५०,५००.०० |
| २० | व्यवसाय कर | १,४५,६५०.०० |
| २१ | बेरूजू | ११,४५,१५७.०० |
| | जम्मा | ७५,३२,२२६.६० |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनु पर्दछ।

सैद्धान्तिक बेरुजु

१० **व्यवसाय कर**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु ३०२६५० कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन । जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मान्न सक्ने अवस्था छैन। तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

११ **बजेट तथा कार्यक्रम तर्जुमा**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१२ **बजेट पेश, पारित र अख्तियारी**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको प्रमुखलेमिति २०८०।३।१० मा रु ७५ करोड ६५ लाख ७६ हजारको बजेट सभा समक्ष पेश गरेकोमासभाबाट मिति २०८०।३।२७ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८०।४।७ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

१३ **अवण्डा बजेट**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ। यस पालिकाले यो वर्ष भैपरी आउने पूँजिगत शीर्षकमा रु ५८२८००० अबण्डा बजेट व्यवस्था गरी ९ योजनामा रु. ३४३०८०२ खर्च गरेको छ। बजेट अबण्डामा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने गरेको देखिन्छ । जसले गर्दा वित्तीय अनुशासन र पारदर्शिता कायम भएको छैन । तसर्थ बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ ।अवण्डा बजेटबाट पालिकाले समय समयमा छुट्टै निर्णय गरी कार्यान्वयन गरेका केही योजनाका उदाहरण देहाय अनुसार छन् :

| क्र सं | योजनाको नाम | निर्णय मिति | बजेट / खर्च |
|---|---|---|---|
| १ | संघीय सरकारको सशर्त अनुदान फिर्ता | २०८०।६।२५ | १२५४९०२ |
| २ | प्रदेश सरकारको सशर्त अनुदान फिर्ता | २०८०।६।२५ | ६२२९०० |
| ३ | थलह बुर्दान बुशे सडक मर्मत | २०८०।९।२५ | ३३३००० |
| ४ | लसुन पकेट क्षेत्र | २०८०।१०।२५ | २५८००० |
| ५ | युवा जनशक्ति परिचालन केन्द्र उपभोक्ता समिति गठन | २०८०।६।३ | २५०००० |
| ६ | शेर सारदा स्मृति प्रतिष्ठान | २०८०।६।३ | २००००० |
| ७ | खारा गोरेटो बाटो निर्माण | २०८०।६।३ | १९२००० |
| ८ | विपद व्यवस्थापन कोष खर्च | २०८१।३।७ | ३००००० |
| ९ | मनाघाट कृषि फिल्ड निर्माण | | २०००० |
| | | जम्मा | ३४३०८०२ |

सैद्धान्तिक बेरुजु

१४ **योजना प्राथमिकीकरण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । र सोही अनुसार गणना गरी प्राथमिकताका आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्नअनुसार १३ वडाको लागि वडागत र पालिकास्तरका कुल १५३ योजनामा वजेट विनियोजन गरेको छ ।

| कार्यक्रमको नाम | योजना सङ्ख्या | १ लाखदेखि ५ लाखसम्म | रु.५ लाखदेखि २० लाखसम्म | रु.२० लाखदेखि ५० लाखसम्म | रु.५०लाखभन्दा बढी |
|---|---|---|---|---|---|
| पालिकास्तरीय | १५३ | ८७ | ५५ | ३ | ८ |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावकारी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ ।त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये १५० योजनामात्र कार्यान्वयन भएको देखियो । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वियन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१५ **लक्ष्य प्रगति**

कार्यालयले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतला◌ेइ जिम्मेवार बनाउनु पर्दछ ।

| **कार्यक्रम/योजना** | **कुल कार्यक्रम** | **वार्षिक प्रगति स्थिति** | | | | |
|---|---|---|---|---|---|---|
| | | **शून्य प्रगति** | **२५%सम्म प्रगति** | **५०% सम्म प्रगति** | **७५% सम्म प्रगति** | **१००** |
| **कार्यक्रम संख्या** | १५४ | ३ | १ | ६ | २० | ११७ |

सैद्धान्तिक बेरुजु

१६ **क्षेत्रगत बजेट र खर्चको स्थितिः**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| **क्र.स** | **क्षेत्र** | **बजेट रु हजारमा** | **खर्च रु हजारमा** | **खर्च प्रतिशत** |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | २९४७७ | २६७६३ | ९०.७९ |
| २ | पूर्वाधार विकास | १६१५५८ | १४२५६६ | ८८.२४ |
| ३ | सामाजिक विकास | ४०५५४४ | ३७१२०५ | ९१.३५ |
| ४ | बातावरण तथा विकास | ०० | ०० | ०० |
| ५ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | २५४१० | २४१६७ | ९५.११ |
| ६ | अन्य कार्यालय सञ्चालन तथा प्रशासनिक | १३५७७४ | ११८३४१ | ८७.१६ |
| **जम्मा** | | **७५७७६४** | **६८३०४४** | ९०.१३ |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ५४ प्रतिशत र संस्थागत विकास, सेवा प्रवाह र सुशासन मा सबै भन्दा घटी ३ प्रतिशत रहेको छ ।

सैद्धान्तिक बेरुजु

१७ **कार्यान्वयन नभएको योजना**

स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ । पालिकाले यस बर्ष विनियोजन गरेका निम्नानुसारका योजनाहरु सञ्चालन भएको देखिएन । अत स्थानीय जनताको प्राथमिकताको आधारमा योजनाहरु सञ्चालन गर्नुपर्ने देखिन्छ ।

| सि नं | योजनाको नाम | बिनियोजित बजेट | कैफियत |
|---|---|---|---|
| १ | बार्न बजाने छाना सडक | १५००००० | डीपिआर स्वीकृत नभएको |
| २ | विउरेनी ओखता लिफ्ट सिंचाई योजना | १०००००० | समुदायको विवाद |
| ३ | डिमुरे पसुदा खानेपानी योजना | १०००००० | समुदायको विवाद |

सैद्धान्तिक बेरुजु

१८ **खर्च बिश्लेषण**

पालिकाले यसवर्ष कुल आन्तरीक आयबाट रु२०९७३४२४ राजस्व बाँडफाँड र अनुदानबाट रु६९७७५९०७४। समेत रु ७१८७३२४९८ आम्दानी भएकोमा चालु तर्फ रु ५६१७८७४०० र पूँजिगत तर्फ रु १२१२५६७९३ समेत रु ६८३०४४१९३ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ३ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा गत बर्षको २ महिना समेतको रु १०४२२१५४ खर्च भएको छ जुन आन्तरिक आयको ५० प्रतिशत रहेको छ । नगरपालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ८२ प्रतिशत चालु र १८ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

## १९ त्रैमासिक पुँजिगत खर्च

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| बजेट उपशिर्षक | कुल खर्च | त्रैमासिक खर्च रु हजारमा | | | | आषाढ महिनाको खर्च |
|---|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेश्रो | चौथो | |
| पुँजीगत खर्चतर्फ | १२१२५७ | ७२४० | २१७६४ | २६८०० | ६५४५३ | ३५५३७ |
| प्रतिशत | | ६ | १८ | २२ | ५४ | ३० |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु १२१२५६७९३ निकासा भएकोमा प्रथम त्रैमासिकमा ६ प्रतिशत, दोस्रो त्रैमासिकमा १८ प्रतिशत र तेस्रो त्रैमासिकमा २२ प्रतिशत चौथो त्रैमासिकमा ५४ प्रतिशत तथा असार महिनामा ३० प्रतिशत खर्च गरेको देखिएको छ । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वियन गरिनुपर्दछ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आर्थिक बर्षको अन्तिममा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

## २० ठेक्का व्यवस्था

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा बोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । पालिकाले वोलपत्र मार्फत प्रतिस्पर्धी आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका सडक निर्माणका योजना कार्यान्वियन गर्दै आएको छ । यस्ता योजना लागत अनुमान भन्दा ६ देखि ५६ प्रतिशत सम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वियन गराएको पाइयो । पालिकाको स्वीकृत नर्मशका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो । यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको भएपनि न्यून लागतमा सोही गुणस्तरको कार्य भएको सम्वन्धमा नर्म्समा नै अधिक मूल्याङ्कन भएको हो वा गुणस्तरमा सम्झौता गरी भुक्तानी फरफारक भएको हो सो सम्वन्धमा पालिकाको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ । साथै निर्धारीत गुणस्तरमा कार्य भएको प्रमाणित गरी भुक्तानी गरेका कार्य निर्धारीत अवधि सम्म टिकाउ भए नभएको यकिन गर्न प्रणाली सुदृढ गरी न्यून मुल्यमा नै गुणस्तरीय कार्य हुने भएमा नर्म्स समेत सम्वन्धित निकायले पुनरावलोकन गर्नुपर्ने देखिन्छ । यस्ता केही योजनाको विवरण देहायमा उल्लेख छ । लागत अनुमानको तुलनामा उल्लेख्य प्रतिशत घटीमा गर्ने गरी कबोल तथा सम्झौता भएका केही योजनाको विवरण देहायमा उल्लेख छ ।

| क्र.सं. | योजनाको विवरण | बोलपत्रदाता | लागत अनुमान | सम्झौता रकम | घटी प्रतिशत |
|---|---|---|---|---|---|
| १ | तिवातुदेउली दुलपानी दलित टोल फाल्मा सडक निर्माण | imber construction | 11125166 | 4865733 | 56.26 |
| २ | पुरानोगाउँगाडेसाल सडक निर्माण | kishan builders | 14892733 | 7564808 | 49.2 |
| ३ | आयुर्वेदऔषधालय कार्कीगाउँ भवन निर्माण | MB Builders | 13373712 | 8632887 | 35.44 |
| ४ | लक्ष्मीमा.वि. भवन निर्माण | A and A construction | 7571914 | 5423639 | 28.37 |
| ५ | खारखामालेख सडक निर्माण | MB Builders | 10486057 | 5122023 | 51.15 |
| ६ | जनप्रियमा वि ८ कोठे भवन निर्माण | S.P.k.B Nirman sewa | 15225141 | 8978328 | 41.02 |
| ७ | नगरपालिकाकोप्रशासकिय भवन निर्माण | Rejency Indra-Debi Jv | 99315833 | 92789602 | 6.57 |
| ८ | आयुर्वेदऔषधालय कार्कीगाउँ भवन निर्माण | kishan Builders | 3955868 | 1996455 | 49.53 |

सैद्धान्तिक बेरुजु

२१ **ठेक्का अभिलेख**

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन।अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

२२ **भुक्तानी हुन बाँकी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९ मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ। पालिकाले गतवर्षको भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी (म.ले.प.फा.नं. २२१) प्रमाणित तथा यस वर्षको बजेटमा गत वर्षको भुक्तानी दिन बाँकीको व्यवस्था गरी पूँजिगततर्फ रु १२०१४६०० र चालू खर्चतर्फ रु ५३५२००० गरी जम्मा रु १७३६६६०० भुक्तानी दिएको देखियो । बार्षिक बजेटले नखाम्ने गरी योजना एवं कार्यक्रमको लागि सम्झौता गरेको कारण निकै ठुलो रकम भुक्तानी दिन बाँकी रहेको देखिएकोले बार्षिक बजेटले बहुबर्षीय कार्यक्रम स्वीकृत गरेको अबस्थामा बाहेक यस प्रकारको दायित्व सृजना नहुने गरी खर्च गर्ने व्यबस्था मिलाउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

२३ **औषधी खरिद**

पालिकाकालाई आवश्यक पर्ने औषधिपालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति , म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तीमा १८ महिना वाँकी हुनुपर्ने तथा भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ । यसवर्ष पालिकाले सशर्त तथा पालिकाकाबाट देहायका फर्मसँग रु

४६०८२८० को औषधि खरिद गरेको छ ।अत: पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ ।

| सि नं | गो भौ नं/मिति | सप्लायर्सको नाम | रकम | खरिद प्रकृया |
|---|---|---|---|---|
| १ | ६२८।२०८०।११।९ | हेल्पिङ हेल्थ पोलिक्लिनिक प्रा लि काठमाडौं | १८२४११० | बोलपत्रबाट |
| २ | ४४८।२०८०।९।२२ | बायोप्लस मेडिको प्रा लि काठमाडौं | ९९९१७० | कोटेशन |
| ३ | ३०१।२०८१।२।१४ | रिदान मेडिकन्सर्न प्रा लि काठमाडौं | १७८५००० | राष्ट्रियस्तरको समाचारपत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्य |
| | | जम्मा | ४६०८२८० | |

सैद्धान्तिक बेरुजु

२४ **न्यानो झोला**

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०७९।८० मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शनमा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि अस्पतालहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ । यस पालिका अन्तर्गतका ७ बर्थिङ सेन्टरमा गत वर्ष ४५ थानको रु ४०५०० र यस वर्ष ५५५ थान को रु. ४९९५०० खरिद गरेकोमा गत वर्ष ५२३ जना र यस वर्ष ५१७ जना गरी १०४० मात्र प्रसुति भएको अभिलेखबाट देखिन्छ । पालिकाको भण्डारमा खरिद गरिएका ५० थान न्यानो झोला मौज्दातमा रहेका छन् । खरिद भएका त्यस्ता झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परीक्षण गरेको देखिएन । तसर्थ माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ । लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२५ **लागत सहभागिता**

नगरपालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्दछ । तर पालिकाले श्रमदान सहितको लागत अनुमान तयार गरेको भएतापनि नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ।

सैद्धान्तिक बेरुजु

२६ **स्यानिटरी प्याड खरिद**

स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ।आर्थिक बर्ष २०८०।८१ मा संघीय सरकारको सशर्त अनुदान अन्तर्गत यस नगरपालिकाका बिद्यालयहरुमा अध्ययनरत कक्षा ६ देखि १२ सम्मको छात्राहरुलाई आवश्यक पर्ने ६७८०० प्याकेटस्यानिटरी प्याड खरिदको लागिरु ४००९२१०।०० को लागत अनुमान स्वीकृत गरी ठेक्का नम्बर CM/NCB/GOODS/03/2080/81 बाट ईबिड गरेकोमा सबैभन्दा घटी कबोल गर्ने एम डी सेनिटेशन इन्डष्ट्रिज प्रा लि कार्कादो बाँकेसँग रु १६०८८९४ मा मिति २०८०।११।१५ मा सम्झौता भएको पाइयो । सम्झौता भएको मितिले ३ महिनाभित्र स्यानिटरी प्याड आपूर्ति गर्नुपर्नेमा सम्झौताको अन्तिम समयमा सामान आपूर्ति भएकोमा स्याम्पल परीक्षण

गर्दा तोकिएको स्पेशिफिकेशन अनुसार नदेखिएकोले उक्त सामान तोकिएको स्पेशिफिकेशन अनुसार ल्याव टेस्ट रिपोर्ट सहित पेश गर्नको लागि २०८१।२ १८ मा पत्र लेखेको देखिन्छ । २०८१।३।२१ को एम डी सेनिटेशन इन्डष्ट्रिज प्रा लिको कर बिजक पेश भई भौचर नम्बर ५२८।२०८१।३।२४ बाट रु १६०८००० भुक्तानी भएको छ । नगरपालिकाको जिन्सी शाखाले सो सामान पाम्समा दाखिला गरेको नदेखिएकोले उक्त खर्चलाई नियमित मान्न सकिएन ।

खरिद गरिएका स्यानिटरी प्याडहरु विद्यालयको माग फारामको आधारमा वितरण गर्नुपर्नेमा ५ वटा बिद्यालयको माग फारामको आधारमा २४ बोरा (१ बोरामा १२० प्याकेट) २८८० प्याकेट वितरण भएको र ६४ बोरा बिभिन्न १० विद्यालयलाई माग फाराम बेगर वितरण गरेको छ । लेखापरीक्षण अवधिसम्म १०५६० प्याकेट वितरण गरी बोलपत्रबाट खरिद भएको ५७२४० प्याकेट र कोटेशनबाट खरिद गरेको १४१४० गरी जम्मा ७१३८० प्याकेट स्यानिटरी प्याडहरु मौज्दात रहेको श्रेस्ताबाट देखिन्छ । **नगर**पालिकाले गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गरी वितरण गर्नुपर्नेमा वर्षान्तमा खरिद गरी मौज्दातमा राखेको उचित देखिएन । लामो समयसम्म भण्डारण गर्दा गुणस्तरमा कमी आउन सक्छ । तसर्थ पालिकाले आवश्यकताको पहिचान गरी आवश्यक परिमाणमा मात्र प्याड खरिद तथा वितरण गर्नुपर्दछ ।

| अनियमित भएको | १६,०८,००० |
|---|---|

२७ **परामर्स तथा डीपीआर खर्च**

बजेट व्यवस्था भई कार्यान्वियन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस कार्यालयले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।

| कार्य विवरण | परामर्शदाता | स्वीकृत रकम | खर्च रकम | अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत |
|---|---|---|---|---|
| लक्ष्मी माविको भौतिक पूर्वाधार निर्माण वडा नं २ | आरम्भ इन्जिनियरिङ कन्स्ट्रक्सन प्रा लि | १३००००० | ११८३००० | ४०८४२५२३ |
| नारायणी मावि भौतिक पूर्वाधार निर्माण वडा नं १३ | वाइल्ड रेन्ज इन्जिनियरिङ सोलुसन | ७९९९०० | ७९०००० | २७८३६१५३९ |
| तिब्बातुदुल्पानी अन्दरकोट वडा कार्यालय सडक निर्माण वडा नं २ र ३ | श्रीस्थान इन्जिनियरिङ कन्स्ट्रक्सन प्रा लि | १२००००० | ११५९३७८ | ३६५१७८३५३ |
| नगरपालिकाकोप्रशासनिक भवन निर्माण | पिएनडी कन्स्ट्रक्सन एण्ड इन्टेरियर प्रा लि | १५००००० | १४९६००० | १७१२३२९५९ |
| सार्वजनिकसेवा प्रवाह मापदण्ड २०८१ | भिजन इट कन्सल्टेन्सी एण्ड इन्जिनियरिङ सोलुसन | ५००००० | ४८१००० | ४८१००० |

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा कार्यालयको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा कार्यालयको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै डिपिआर तयार भई कार्यान्वियनमा गएका योजनाहरु यथाशिघ्र सम्पन्न गर्नुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

२८ **प्राविधिक बिल र कार्य सम्पन्न**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

## २९ जिन्सी व्यवस्थापन

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ ।तर पालिकाले यस वर्ष जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गरेकोमा नियमावलीमा भएको व्यवस्था अनुसार मर्मत तथा लिलाम गरेको देखिएन । जसले गर्दा पालिकाको जिन्सीको अवस्था बारे यकिन गर्न सकिएन । नियमावलीको व्यवस्था अनुसार जिन्सी मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन अद्यावधिक गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

## ३० सम्पत्तिको प्राप्ति उपयोग र संरक्षण

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली अनुसार घर जग्गा तथा सम्पत्तिको लगत राख्नुपर्ने, सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८.२ अनुसार मितव्ययी तरिकाले खर्च गर्नुपर्ने व्यवस्था रहेकोमा यस नगरपालिकामा सार्वजनिक सम्पत्तिको प्राप्ति उपयोग तथा संरक्षणको अवस्था विश्लेषण गर्दा देखिएको व्यहोरा निम्न छ ।.

| सम्पत्ति | प्राप्त मिति | संख्या | खरिद/प्राप्ति मूल्य | कैफियत |
|---|---|---|---|---|
| घर जग्गा क्षेत्रफल र संख्या सहित | विभिन्न | ४६ रोपनी | निशुल्क | |
| गाडी एम्बुलेन्स व्याक्होलोडर ट्र्याक्टर आदि | विभिन्न | ५ | १८४२४४७० | |
| सवारी साधन (रु.१ लाखभन्दा बढी) | विभिन्न | ३५ | ६३६९९८९ | |
| उपकरण (रु.१ लाखभन्दा बढी) ल्यापटप | विभिन्न | १८ | २३७८३७५ | |
| बेचल्तीमा रहेको प्रमुख उपकरण तथा सवारी साधन | विभिन्न | ९ मोटरसाइकल | नखुलेको | मर्मत तथा लिलाम गर्नुपर्ने |

अत उपलब्ध सार्वजनिक सम्पत्तिको उचित किसिमले संरक्षण तथा व्यवस्थापन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

## ३१ कानून र सञ्चालन स्थिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले

हालसम्म १८ वटा ऐन, ९वटा नियमावली, ३९ कार्यविधि लगायतका ९० वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ । तसर्थ उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वियनमा ल्याउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

३२ **न्यायिक समिति**

1. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ६ र यो वर्ष थप भएको १३ गरी कुल १९ विवाद दर्ता भएकोमा १८ वटा मात्र फर्स्यौट भई १ वटा बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३३ **सहकारी नियमन**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र ५२ वटा सहकारी संस्था रहेका छन् । पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

३४ **आर्थिक सहायता**

1. पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न ४५ जना व्यक्तिहरुलाई रु ६२८००० आर्थिक सहायता वितरण गरेको छ । उक्त रकम पालिकाको कुल आन्तरिक आय रु ७५३२२२६ को ८ प्रतिशत हुन आउँछ । निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

३५ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत १३ वडामा २३ योजना सञ्चालन गरी यस वर्ष १०७ जनालाई औसत ८६ दिनले८९७७ दिन रोजगारी उपलव्ध गराई रु ६८८५४६० श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वियन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३६ **अनुदानको अनुगमन**

सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । नगरपालिकाले कृषितर्फ कृषकको योगदान सहित रु २२६५५२६ र पशुतर्फरु ३८७५७५० गरी जम्मा रु ६१४१२७६ अनुदान खर्च लेखेको छ । तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३७ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । यस नगरपालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ५५ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म ६ जना करार समेत ३६ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रमुख प्रशासकीय अधिकृत, लेखा अधिकृत, शिक्षा अधिकृत, जनस्वास्थ्य अधिकृत सहित १९ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा नगरपालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३८ **करार कर्मचारी**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा 83 (८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न पाइने व्यवस्था छैन । नगरपालिकाले उल्लेखित पदहरुमा बाहेक कर्मचारी करारमा नियुक्त गरी तलव भत्ता रु १८५३१७४७ भुक्तानी गरेको पाइयो । ऐनको व्यवस्था विपरीत कर्मचारी नियुक्त गरी भुक्तानी गर्ने कार्य नियमसम्मत देखिएन

| पद | नियुक्ति संख्या | तलव भत्ता रु. |
|---|---|---|
| पालिकातर्फ | ३८ | १२९९६८६७ |
| स्वास्थयतर्फ | १६ | ५५३४८८० |
| जम्मा | ५४ | १८५३१७४७ |

| अनियमित भएको | १,८५,३१,७४७ |
|---|---|

३९ **तलबी प्रतिवेदन**

निजामती सेवा ऐन २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ | नगरपालिकाले यो वर्ष शिक्षक बाहेक अन्य कर्मचारीको तलबी प्रतिवेदन पारित नगराई रु २७४२३१८४ खर्च लेखेको छ ।तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ

सैद्धान्तिक बेरुजु

४० **फोहरमैला व्यवस्थापन**

1. फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

### ४१ सवारी साधन मर्मत

कर्णाली प्रदेश आर्थिक कार्यविधि नियमावली २०७५ को नियम ३७ (३) मा खर्च गर्दा खर्चको बिल भरपाई तथा खर्चलाई पुष्ट्याई गर्ने कागजात सहित लेखा राख्नुपर्ने व्यवस्था छ । साथै सरकारी जिन्सी मालसामान हानी नोक्सानी नहुने गरि संरक्षण गर्ने र तिनीहरुको राम्रो सम्भार गरी वा चालु अवस्थामा राख्ने उत्तरदायित्व सम्वन्धित कार्यालय प्रमुखको हुने उल्लेख छ । सोही वमोजिम कार्यालयमा रहेको चल्ती जिन्सी मालसामान मर्मत गर्नुपर्ने भएमा कार्यालय प्रमुखबाट मर्मत आदेश स्वीकृत गराई मर्मत गराई खर्च लेख्ने र सोको मर्मत अभिलेख तयार गरी राख्नुपर्दछ । पालिकाले मर्मत खर्च भुक्तानी गर्दा म.ले.प.फा.नं. ४१५ तयार नगरी २ वटा चारपाङ्ग्रे सवारी साधन लगायत मोटरटसाईकल मर्मतमा रु ३२६९५८४ खर्च लेखेको छ । नियमको पालना तर्फ नगरपालिकाको ध्यान जानुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

### ४२ भ्रमण अभिलेख एवं प्रतिबेदन

भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि सम्बन्धित कार्यालयले अनुसूची–६ बमोजिमको ढाँचामा भ्रमण अभिलेख राख्नुपर्ने उल्लेख छ । नगरपालिका अन्तरगतका कर्मचारीले विभिन्न स्थानमा अनुगमन तथा भ्रमण गरेको भनी अनुगमन तथा मूल्याकंनमा रु१४९८०००. र कर्मचारी तथा जनप्रतिनिधि अन्तर पालिका भ्रमणमा रु १०००००० गरी जम्मा रु २४९८००० खर्च भएको देखिन्छ । भ्रमण अभिलेख तथा भ्रमण प्रतिवेदन व्यवस्थित तरिकाले राख्ने गरेको देखिएन । अत नियमाबलीमा उल्लेख भए बमोजिम भ्रमण अभिलेख तथा भ्रमण प्रतिबेदन राखेरमात्र भ्रमण खर्च लेख्ने व्यवस्था गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

### ४३ कार्यालय सन्चालन खर्च

कार्यालयलाई वर्षभरमा आवश्यक पर्नेसामानको एकमुष्ठ विवरण बनाई सार्वजनिक खरिद ऐन तथा नियमावलीको प्रावधान वमोजिम खरिद योजना बनाई प्रतिस्पर्धात्मक तवरले खरिद गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले यस बर्ष वडाहरुको लागि समेत पटक पटक सोझै बजारबाट मसलन्द तथा कार्यालय सामाग्रीमा रु ५६६७९३९ खर्च गरेको छ । सामानको आवश्यकता तथा परिमाण शुरुमै निश्चित गरी प्रतिस्पर्धात्मक रुपले खरिद कारवाही अवलम्बन गर्नेतर्फ नगरपालिकाले ध्यान दिन जरुरी छ । पटक पटक बिभिन्न मितिहरुमासोझैखर्च भएको परिपाटीमा नियन्त्रण गरी कानुनको पालना गरी खरिदलाई मितव्ययी तथा प्रतिस्पर्धी बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

### ४४ ईन्धन खर्च

कर्णाली प्रदेश आर्थिक कार्यविधि नियमावली २०७५ को नियम ३७ (३) मा खर्च गर्दा खर्चको बिल भरपाई तथा खर्चलाई पुष्ट्याई गर्ने कागजात सहित लेखा राख्नुपर्ने व्यवस्था छ । यस बर्ष नगरपालिकाले पदाधिकारी तथा कर्मचारीको लागि २७३०००० इन्धन खर्च गरेको छ । । मलेपफान ९०५ सवारीसाधनको लगबुकमा प्रत्येक सवारी साधनको लागी बेग्लाबेग्लै सवारी लगबुक राख्नुपर्नेमा र सबै महल भर्नु पर्नेमा पालिकाले सवारी लगबुक लुज सिटमा राखेको देखियो । जसले गर्दा सवारी साधानको इन्धन खपत र गुडेको किलोमिटर बिष्लेषण गर्न सकिएन । अत प्रत्येक सवारी साधनको लागी बेग्लाबेग्लै सवारी लगबुक राख्नुपर्दछ । साथै इन्धन खर्च लेख्दा

अर्थ मन्त्रालय बजेट तथा कार्यक्रम महाशाखाबाट जारी कार्य सञ्चालन निर्देशिका २०७७ अनुसार इन्धन खर्च पाउने मापदण्ड अनुसार खर्च लेख्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४५ **खाना तथा खाजा खर्च**

कर्णाली प्रदेश आर्थिक कार्यविधि नियमावली २०७५ को नियम ३७ (३) मा खर्च गर्दा खर्चको बिल भरपाई तथा खर्चलाई पुष्ट्याई गर्ने कागजात सहित लेखा राख्नुपर्ने व्यवस्था छ । नगरपालिकाले यो वर्ष खाजा खानामा विविध खर्च शीर्षकबाट रु १३२२३६१ र अतिथि सत्कार शीर्षकबाट रु. २७५४२० गरी जम्मा रु १५९७७८१ खर्च गरेको छ । बिल भरपाईको आधारमा खर्च गर्ने गरेतापनि यस्तो खर्चलाई ब्यवस्थित गरी मितव्ययी किसिमले खर्च गर्नुपर्दछ। अनुत्पादक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४६ **क्याम्पसलाई अनुदान**

स्थानीय सरकार संचालन ऐन, २०७४ ले माध्यामिक तह सम्मको शिक्षा मात्र स्थानीय तहको अधिकार क्षेत्र रहेको उल्लेख छ । उच्च माध्यामिक शिक्षा सम्बन्धी कार्य संघ तथा प्रदेश सरकारसँगको समन्वय बेगर पालिकाबाट गर्न पाउने देखिदैन । तर पालिकाले यस वर्ष ज्ञानकुन्ज क्याम्पसलाई फर्निचर खरिदको लागि रु १९१९०० खर्च लेखेको छ । तसर्थ पालिकाको अधिकार क्षेत्र बाहिर अनुदान दिने कार्यमा नियन्त्रण गरी यस वर्ष निकासा भएको रकम क्याम्पसको आय व्ययमा समावेश गरी सोको सामाजिक तथा सार्बजनिक परीक्षण र लेखापरीक्षण प्रतिवेदन पेश हुनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४७ **हेभी इक्विपमेण्टको प्रयोग**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (१३क) मा उपभोक्ता समितिले प्राप्त गरेको कुनै काममा निर्माण व्यवसायीलाई संलग्न गराइएको पाइएमा सार्वजनिक निकायले उक्त उपभोक्ता समितिसँग भएको सम्झौता रद्द गरी त्यस्तो उपभोक्ता समितिलाई भविष्यमा त्यस्तो किसिमको कुनै काम गर्न नदिने अभिलेख राखी सो काम गर्न निर्माण व्यवसायीलाई कालो सूचीमा राख सार्वजनिक खरिद अनुगमन कार्यालयमा सिफारिस गर्नु उल्लेख छ। पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई नगर कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन्

| भौ नमिति | उपभोक्ता समितिको नाम | भुक्तानी रकम | निर्माण व्यवसायीको नाम | हेभी उपकरणमा भएको खर्च |
|---|---|---|---|---|
| ४४।२०८१।२।३ | लोडेनी मिडुला | १४९४५०० | सरिता कन्स्ट्रक्सन | १४९४५०० |
| ७०।२०८१।३।२४ | तामातडा शहादेउ सडक स्तरोन्नती उ स | १७१०९८८ | सरिता निर्माण सेवा | १७१०९८८ |
| १६।२०८०।१०।८ | मनाघाट पालेघाट सडक स्तरोन्नती उ स | १२४२००० | आर टि टी एन निर्माण | १२४२००० |
| ६५।२०८१।३।१२ | बागखोर गोगने पानी ठुलोटेक्न पाखा हाडेहिलोना सडक स्तरोन्नती उ स | १४३०१४० | उज्वल कन्स्ट्रक्सन | १४३०१४० |
| ३४।२०८०।८।२१ | झिंगा पजारु टिकाचौर मर्मत उ स | ४६६५२० | जगतसिँह कन्स्ट्रक्सन सेवा | ४६६५२० |
| ३७।२०८०।८।२१ | ठुली बिसाउनी भिरा टाकुरा सडक उ स | १९२००० | आर टि टी एन निर्माण | १९२००० |
| १२४।२०८०।१२। १२ | शिव प्रा वि देखि वडा कार्यालयसम्म सडक मर्मत | ३२७००० | महेश निर्माण सेवा | ३२७००० |
| १३३।२०८०।१२। २९ | पुरानो गाउँ गाडेसाल मुलाडाँडा सडक मर्मत | २८६६३४ | सरिता कन्स्ट्रक्सन | २८६६३४ |
| १३३।२०८०।१२। २९ | मनाघाट सिसौनी आल मध्यपहाडी सडक मर्मत | २८७२४८ | सरिता कन्स्ट्रक्सन | २८७२४८ |
| १५६।।२०८१।१। ३१ | घोगी डाँडागाउँ पजारु सडक मर्मत उ स | | रवि एण्ड बबि निर्माण सेवा | ७१०६०० |
| २२२।२०८१।३।२० | प्रशासकीय भवन फिल्ड निर्माण उ स | | खाँड निर्माण सेवा | ११४३७०० |

सैद्धान्तिक बेरुजु

४८ **पुँजिगतबाट चालु खर्च**

पूँजी सृजना नहुने खालका वितरणमूखी खर्चलाई निरुत्साहित गर्दै स्थानीय तहले अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने एवम् उपयोगिता सिर्जना हुने गरी योजना छनौट तथा कार्यान्वियन गर्नुपर्ने कार्यक्रम छनौट गरी पूँजीगत शीर्षकमा समावेश गरी सिमित स्रोतको उच्चतम प्रयोग गर्नुपर्दछ। पालिकाले कृषि तथा पशु क्षेत्रका सबै वितरण मुखी कार्यक्रमहरु पुँजिगत शिर्षकमा राखी खर्च गरेको पाइयो । अत लेखापरीक्षणको क्रममा नमुना परीक्षण गर्दा केही उदाहरणहरु देहाय अनुसारका पूँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्ने किसिमका खर्चलाई प्रस्तावको आधारमा पूँजीगत शीर्षकबाट भुक्तानी दिएको पाईयो।

| भौचर नं | खर्चको वितरण | रकम |
|---|---|---|
| २५।२०८०।७।२१ | शारदा शेर स्मृति सामाजिक उत्थान प्रतिष्ठानलाई भलिबल प्रतियोगिता संचालन खर्च | २००००० |
| ७६।२०८०।१०।२६ | जिल्ला खेलकुद विकास समिति जाजरकोट | ३००००० |
| २२४।२०८१।३।१९ | युवा जनशक्ति परिचालन केन्द्रलाई तालिम कार्यक्रमवापत | २५०००० |
| २४३।२०८१।३।२० | भाग्योदय माविको शिक्षकको तलब भुक्तानी | २८९००० |

सैद्धान्तिक बेरुजु

४९ **सोझै खरीद**

सार्वजनिक खरीद ऐन २०६३ को दफा ८(२) मा प्रतिस्पर्धा सिमित हुनेगरी टुक्रा टुक्रा पारी खरीद गर्न नहुने व्यवस्था छ । पालिकाले सार्वजनिक खरिद ऐन तथा नियमावलीको प्रावधान वमोजिम खरिद योजना बनाई प्रतिस्पर्धात्मक तवरले खरिद गर्नुपर्नेमा नमुना छनौट गरी श्रेस्ता परीक्षण गर्दा देहाय अनुसारका सोझै खरिद गरी रु३०१०९३९। खर्च लेखेको छ । कामको आवश्यकता शुरुमै निश्चित गरी लागत अनुमान तयार गरी प्रतिस्पर्धात्मक रुपले खरिद कारवाही अवलम्बन गर्ने साथै खरीद कानुनको पालना गरी मितव्ययी तथा प्रतिस्पर्धी खरीद गर्नेतर्फ पालिकाले ध्यान दिन जरुरी छ । पटक पटक विभिन्न मितिहरुमा सोझै खरीद गरेको नियमित नदेखिएको रु

| भौ नमिति | निर्माण व्यवसायीको नाम | भुक्तानी रकम |
|---|---|---|
| १२।२०८०।६।२९ | सरिता कन्स्ट्रक्सन सेवा | ६४३५०० |
| ४३।२०८०।८।१५ | वि वि कन्स्ट्रक्सन | ४९७९६५ |
| ६२।२०८०।९।२० | आर टि टी एन निर्माण | ७७४९०२ |
| १४१।२०८१।१।२६ | मष्टदेउता निर्माण सेवा | ४८०७०० |
| २५४।२०८१।३।२१ | अम्बे फर्निसिङ्ग गार्डेन | ६१३८७२ |
| | जम्मा | ३०१०९३९ |

सैद्धान्तिक बेरुजु

५० **राजस्व बाँडफाँड**

पालिकाले गरेको IEE प्रतिवेदन अनुसार छेडागाड नगरपालिका भएर बग्ने भेरी नदि तथा छेडागोला नदीका विभिन्न क्षेत्रभित्र रहेका वडा नं १,५,११,१२ र १३ का ९ वटा खोलाहरुबाट ८८६०१.६० घनमिटर नदिजन्य पदार्थ उत्खनन गर्न सकिने उल्लेख छ । पालिकाको राजस्व परामर्श समितिको निर्णय २०८०।५।२७ को निर्णयले नगरपालिका क्षेत्र भित्रका ९ वटा खोलाहरुबाट १५०३८ घनमिटर नदिजन्य पदार्थ उत्खनन तथा विक्री बितरणका लागि ठेक्का आव्हान गर्ने निर्णयानुसार मिति २०८०।५।२८ मा बोलपत्र आव्हान गरेकोमा कुनैपनि बोलपत्रदाताले बोलपत्र पेश गरेको पाइएन । पालिकाले सम्बन्धित पार्टीबाट नगद रकम बुझि सुत्रको राजस्वबाट रसिन काटेर बुझाएपश्चात मात्र तोकिएको परिमाण निकासी गर्ने गरेको पालिकाले जनाएको छ । पालिकाले दुइवटा ढाट राखी निकासा गर्ने गरेकोमा यस वर्ष ट्याक्टरुबाट ३२ ट्रिप र १० चक्के ट्रिपरबाट ११५ ट्रिप गरी जम्मा १४७ ट्रिपबाट रु १७८८३४।६४ दहत्तर बहत्तर शुल्क उठाएको पाइयो । पालिकाले आर्थिक ऐनमा प्रति ट्रिप रकम तोकी दहत्तर बहत्तर रकम उठाउने उल्लेख गरेकोमा सोही अनुसार पालिकाको राजस्व शाखाले नगदी रसिदमा समेत ढुंगा गिट्टी वा बालुवा परिमाण (क्यु मि वा क्यु फिट)उल्लेख नगरी ट्रिप मात्र खुलाई रकम संकलन गरेको पाइयो। तसर्थ पालिका अन्तर्गतका खोलाहरुबाट कति घनमिटर परिमाणमा ढुंगा गिट्टी बालुवा निकासी गरेको हो सो एकिन हुन सकेन।

1. कर्णाली प्रदेश आर्थिक ऐन २०८० को दफा १०को उपदफा ६ मा दहत्तर बहत्तर संकलनबाट उठेको शुल्क स्थानीय विभाज्य कोषमा राखी सो रकममध्ये साठी प्रतिशतले हुन आउने रकम सम्बन्धित स्थानीय कोषमा र बाँकी चालिस प्रतिशतले हुने आउने रकम प्रदेश सञ्चित कोषमा मासिक रुपमा जम्मा गर्नुपर्ने उल्लेख छ । तर पालिकाले यस वर्ष दहत्तर बहत्तर शुल्कबापत रु१७८८३४।६४ संकलन गरेकोमा सो को चालिस प्रतिशतले हुने रकम रु ७१५३३।८५ प्रदेश संचित कोष दाखिला गरेको पाइएन । तसर्थ उक्त रकम प्रदेश संचित कोष दाखिला रु ७१५३३।८५

| प्रमाण पेश नगरेको | ७१,५३३.८५ |
|---|---|

५१ **पेश्की बाँकी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ वा सम्वन्धित पालिकाले तर्जुमा गरेको नियममा पेश्की रकमको विवरण तयार गरी म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राखी एकीकृत लगत तयार गर्नुपर्ने व्यवस्था छ ।

पालिकाले दिएको पेश्की मध्ये म्याद ननाघेको पेश्की रकम रु ९२८००००। र चालु वर्षको म्याद नाघेको रु २७६००००। र गत वर्षको म्याद नाघेको पेश्की रु ६७५००० गरी जम्मा म्याद नाघेको पेश्की रकम रु ३४३५०००। नियमावलीको व्यवस्था अनुरुप असुल फछ्र्यौट हुनुपर्दछ ।रु

| क्र.सं | पेश्की लिने व्यक्ति फर्म वा ठेकेदारको नाम | चालु आ. व. | | गत आ.व को | |
|---|---|---|---|---|---|
| | | म्याद ननाघेको रकम | म्याद नाघेको | म्याद ननाघेको रकम | म्याद नाघेको |
| १ | रेजेन्सी /इन्द्र देवि जेभी | ४५००००००. | ०.०० | ०.०० | ०.०० |
| २ | रेजेन्सी /इन्द्र देवि जेभी | ४७८००००. | ०.०० | ०.०० | ०.०० |
| ३ | सिभिल क्रीयसन नेपाल | ०.०० | ०.०० | ०.०० | ६७५०००. |
| ४ | वडा कार्यालय भवन निर्माण उपभोक्ता समिति | ०.०० | १००००००. | ०.०० | ०.०० |
| ५ | गाँडेशाल थु का खानेपानी तथा सरसफाइ उ स | ०.०० | ७५००००. | ०.०० | ०.०० |
| ६ | बेतेनी खानेपानी तथा सरसफाइ योजना उ स | ०.०० | १८००००. | ०.०० | ०.०० |
| ७ | राउटेपोले साल्मा खानेपानी तथा सरसफाइ योजना निर्माण उ स | ०.०० | २५००००. | ०.०० | ०.०० |
| ८ | हेम राज अधिकारी | ०.०० | ३०००००. | ०.०० | ०.०० |
| ९ | नर बहादुर नेपाली | ०.०० | ३००००. | ०.०० | ०.०० |
| १० | टेक बहादुर थापा | ०.०० | २१००००. | ०.०० | ०.०० |
| ११ | बासुदेव शर्मा | ०.०० | ४००००. | ०.०० | ०.०० |
| | जम्मा | ९२८००००. | २७६००००. | ०. | ६७५०००. |

| | |
|---|---|
| पेश्की | ३४,३५,००० |

५२ **अनुगमन भत्ता** (१३५६-२०८१-३-२१):

कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यले सुविधा सम्बन्धी ऐन २०७५ दफा ७ मा पदाधिकारीले आफ्नो क्षेत्रभित्र विकास आयोजना र कार्यक्रमको अनुगमनका लागि अनुसूची १ मा तोकिए बमोजिमको अनुगमन खर्च मासिक रुपमा पाउने उल्लेख छ । तर पालिकाका प्रेम बहादुर शाहीले लिएको पेश्की रु२५०००० फछ्र्यौट गर्दा देहायका पदाधिकारीलाई योजना अनुगमन तथा भ्रमण खर्चमा रु ४९००० लेखी पेश्की फर्छ्यौट गरेकोले सो रकम पेश्की फर्छ्यौट गर्ने कर्मचारीसँग असुल गर्नुपर्दछ ।

| अवधि | पदाधिकारी कर्मचारीको नाम | दैनिक भ्रमण भत्ता रकम |
|---|---|---|
| २०८१।३।१० देखि ३।१६ | उप प्रमुख चन्द्र बहादुर थापा | १३००० |
| २०८१।३।१४ देखि ३।२० | वडा अध्यक्ष मोतिलाल खत्री | ५३०० |
| २०८०।१२।७ देखि १२।१२ | का पा सदस्य देवराज अधिकारी | ६९०० |
| २०८१।३।१२ देखि ३।१६ | वडा अध्यक्ष प्रेम बहादुर खत्री | ८९०० |
| २०८०।१२।३ देखि १२।७ | वडा अध्यक्ष गोपाल बहादुर नेपाली | ८००० |
| २०८१।१।२१ देखि १।२५ | वडा अध्यक्ष बालकृष्ण बुढा | ६९०० |
| | जम्मा | ४९००० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४९,००० |

५३ **स्थानीय पाठ्यपुस्तक** (८३-२०८१-३-२२):

नगपालिकाको आधारभुत तह कक्षा १ देखि ३ सम्मको स्थानीय पाठ्यक्रम हाम्रो छेडागाडको पाठ्यपुस्तक लेखनको लागि श्रोत व्यक्ति कृष्ण बहादुर थापाले लिएको पेश्की फछ्र्यौट गरी रु ३९९३९४ खर्च भएको छ । उक्त कार्यको मस्यौदा कार्यदलको बैठक टाइपिङ्ग कार्यशाला पाठ्यपुस्तकको लागि फोटो संकलन पाठ्यपुस्तक लेखन लगायतको रु ४१०५०० भत्ता वितरणको १५ प्रतिशतका दरले हुने कर रकम ६१५७५ कट्टा गरी भुक्तानी भएकोमा खर्च लेख्दा रु ४७२१० मात्र कर दाखिला गरेको पाइएकोले बाँकी रु १४३६५ नपुग कर रकम दाखिला गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | १४,३६५ |

५४ **अनुमोदन नगराई गत वर्षको भुक्तानी**

५४.१ (७-२०८०-७-१९):

कर्णाली प्रदेश आर्थिक कार्यविधि नियमावली २०७५ को नियम३७(३) खर्च गर्दा बिल भरपाई सहित लेखा राख्नु पर्ने व्यवस्था उल्लेख छ ।गत आव मा संचालन भएको विद्यार्थी भर्ना अभियान वापत खर्च वडा नं ३ मान बहादुर थापा लाई सोधभर्ना कार्यक्रम संचालन २०८०।३।७ मा भएको हाल खर्च लेखेको ३२९००। भुक्तानी बाँकी प्रमाणीत नभएको अनियमित देखिएको रु

| | |
|---|---|
| अनियमित भएको | ३२,९०० |

५४.२ (१२०६-२०८१-३-१७):

कर्णाली प्रदेश आर्थिक कार्यविधि नियमावली २०७५ को नियम३७(३) खर्च गर्दा बिल भरपाई सहित लेखा राख्नु पर्ने व्यवस्था उल्लेख छ ।वडा नं ५ को वडा समितिले वडा बाल संरक्षण कोष ५० हजार लक्षित वर्गलाई उत्थान कार्यक्रमको ५००००। र चंखिलेवा गल्पो गोरेटो बाटी निर्माणको ५० हजार गरी रु १५००००। विविध खर्चमा रकमान्तर गर्ने गरी मिति २०८१।३।१३ मा निर्ण गरी पेश गरेकोमा कार्यपालिका। नगरसाभाबाट अनुमोदन भएको पाइएन । यसरी वर्षान्तमा रकमान्तर गर्ने प्रवित्तिमा नियन्त्रण गर्नुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

५५ **कृषि नपा चालु**

५५.१ कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५ को परिच्छेद २ मा तालिम सम्बन्धी प्रशिक्षक तथा प्रशिक्षार्थीहरुको भत्ता तथा समाग्रीको खर्च सम्बन्धमा उल्लेख छ ।नगरस्तरीय ३ दिने अगुवा कृषक तालिम कार्यक्रमको लागि नाप्रास चन्द्र बहादुर भारतीले रु१८००००।पेश्की फछ्र्यौट कार्यक्रम भएको २०८१।१।९ देखि ११ सम्म भएको तालिममा सहभागी २१ जना र २०८०।१२।२६ देखि २८ मा १९ जना सहभागी गरी जम्मा ४० जना सहभागी भएकोमा मसलन्द वापत प्रति सहभागी १००। का दरले हुनेमा ४० जना सहभागीको रु ४०००। खर्च लेख्नुपर्नेमा रु ९०००। खर्च भुक्तानी गर्नुपर्नेमा सहभागी भन्दा बढी खरीद भएको कापी कलम वापत ६० थान खरिद भएकोले बढी खर्च रु ५०००। असुल गर्नुपर्ने ५०००

कार्यपत्र वापत उषा अधिकारीको ४ वटा चन्द्रबहादुर भारती ४ वटा लोकेन्द्र रावल ४ कक्षा कार्यपत्रवापत रु९६००। भुक्तानी भएकोमा रु१४४०। कर कट्टी गर्नुपर्नेमा सो गरेको नपाइएकोले असुल गर्नुप

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६,४४० |

५५.२ <u>**तालिम खर्च**</u> कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५ को परिच्छेद २ मा तालिम सम्बन्धी प्रशिक्षक तथा प्रशिक्षार्थीहरुको भत्ता तथा समाग्रीको खर्च सम्बन्धमा उल्लेख छ । तालिम कार्यक्रम संचालन गर्दा सम्बन्धित कार्यलयका कर्मचारी नै श्रोत व्यक्ति रहेको अवस्थामा प्रशिक्षण वापतको भत्ता नपाउने र कार्यपत्रको मात्र पाउने उल्लेख छ । नाप्रास उषा अधिकारीले लिएको पेश्की रु१२००००। फछ्र्यौट गर्दा वनस्पति तथा झोल मल विषादि सम्बन्धि १ दिने तालिम वापत ७ वटा वडा कार्यालयमा संचालन भएको तालिमको लागी

रु१२९६९० खर्च भएकोमा देहायका कर्मचारीहरुले कक्षा लिएवापत भुक्तानीमा कर कट्टी नगरेको तथा नपाउने प्रशिक्षक भत्ता भुक्तानी भएको रु२४८३० सम्बन्धित कर्मचारीसँग असुल गर्नुपर्ने रु

| नाम | पद | कक्षा संख्या | कक्षा | प्रतिवेदन | कार्यपत्र | नकाटेकोकर | असुलगर्नुपर्ने |
|---|---|---|---|---|---|---|---|
| द्वारिका नेपाली | नाप्रास | १ | ७०० | | ८०० | 120 | 820 |
| लोकेन्द्र रावल | नाप्रास | ४ | २८०० | | ३२०० | 480 | 3280 |
| चन्द्र ब भारती | ना प्रास | ४ | २८०० | | ३२०० | 480 | 3280 |
| महेन्द्र रोकाय | | १ | ७०० | | ८०० | 120 | 820 |
| चक्र ब सिंह | | ७ | ४९०० | | ५६०० | 840 | 5740 |
| उषा अधिकारी | प्रा स | ७ | ४९०० | ७००० | ५६०० | 1890 | 6790 |
| विष्णु रोकाया | नाप्रास | १ | ७०० | | ८०० | 120 | 820 |
| कमला शाही | नाप्रास | २ | १४०० | | १६०० | 240 | 1640 |
| जय बहादुर अधिकारी | नाप्रास | २ | १४०० | | १६०० | 240 | 1640 |
| | | | २०३०० | | २२४०० | 4530 | 24830 |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २४,८३० |

५६ **किसानसँग मेयर कार्यक्रम**

किसानसँग मेयर कार्यक्रम संचालन कार्यविधि २०७९ को अन्तर्गत रही ३० प्रतिशत लागत सहभागितामा संचालन हुने पशुपन्छी प्रवर्धन कार्यकमको लागि २०८०।११।३ मा सुचना प्रकाशित गरी प्राप्त प्रस्तावना अनुसार पालिकाले फिल्ड अनुगमन तथा प्राविधिक मूल्यांकन गरी पशुपन्क्षीतर्फ १२ वटा फर्म र कृषि तर्फ ५ वटा छनौट गरेको पाइयो । उक्त कार्यक्रमको लागि विनियोजन रकम रु १५०००००मध्ये रु१४९५५००। खर्च भएको छ । अनुदान वितरणको नमुना परीक्षण गरी परीक्षण गर्दा देहायका फर्महरुलाई दिएको अनुदान सम्बन्धमा देखिएका व्यहोराहरु देहाय अनुसार रहेका छन् ।

**1.** पालिकाले छनौट गरेको मध्ये २ सम्झौता गर्न नआएको र ९ कृषक फर्मलाई रु६३५४००। भुक्तानी भएको र बाँकी रकम रु८६०१००। कार्यक्रम संशोधन गरेर ल्यापटप खरीद तथा अन्य संचालन कार्यमा खर्च गरेको पाइयो । यसरी जुन प्रयोजनको लागि कार्यक्रम तय गरिएको हो सो कार्यक्रममा खर्च नगरी कार्यक्रम संशोधन गरी अन्य कार्यक्रम गर्नु उचित देखिएन ।

2. ११९३।२०८१।३।१७ साहारा कृषि फर्म संग बोयर बोका खरीद बीमा तथा होर्डिङ्ग बोर्ड वापत रु८४५००।को लागत अनुमान तयार गरी सम्झौता भएकोमा सम्झौता अनुसार १ थान १००प्रतिशत बोयर बोका खरीदगरेको रु ९००००। को बिल संलग्न राखेको छ । पालिकाबाट भएको अनुगमनमा बोका खरीद भएको बीमा भएको र होर्डिङ्ग बोड नराखेको प्रतिवेदनमा उल्लेख छ । तर बोकाको बीमा खरीद गर्दा नै भैसकेकोले बीमाको बिल संलग्न गरेको छैन । तसर्थ उक्त बोकाको सम्झौता मुल्य रु ८०६८५।को तीस प्रतिशत लागत सहभागितावात रु २४२०५।०० कट्टागरी रु ५६४८०।०० भुक्तानी गर्नुपर्नेमा रु६१७५० भुक्तानी गरेकोले बढी भुक्तानी भएको रु ५२७० सम्बन्धितसँग असुल गर्नुपर्ने रु५२७०

3. १२२४।२०८१।३।१८ करिस्मा बाख्रा फर्मसँग मिति २०८१।२।१२ मा जमुनापारी बाख्रा ३ वटा र बोका १ वटाको ७५००० र ३०००। होर्डिङ्ग बोड सहित रु ७८००० मा सम्झौता भएकोमा फर्मले बाख्रा खरिद वापत रु ७६००० र होर्डिङ्ग बोडको रु २२०० को बिल संलग्न राखेकोमा ३० प्रतिशत लागत सहभागिता गराउने कार्यविधि अनुरुप रु २३६४० कट्टा गरी रु५५१६० खर्च लेख्नुपर्नेमा बढी भुक्तानी भएको रु ४८४० असुल गर्नुपर्ने रु

| असुल गर्नुपर्ने | १०,११० |
|---|---|

५७ **विशेष अनुदान**

५७.१ सार्वजनिक खरीद ऐन २०६३ को दफा ८(२) मा प्रतिस्पर्धा सिमित हुनेगरी टुक्रा टुक्रा पारी खरीद गर्न नहुने व्यवस्था छ । पालिकाले सार्वजनिक खरिद ऐन तथा नियमावलीको प्रावधान वमोजिम खरिद योजना बनाई प्रतिस्पर्धात्मक तवरले खरिद गर्नुपर्नेमा नमुना छनौट गरी श्रेस्ता परीक्षण गर्दा देहाय अनुसारका सोझै खरिद गरी रु२३२८७४३ खर्च लेखेको छ । विशेष अनुदान सम्वन्धी कार्यविधी २०७५ को बुदा नं ८ अनुसार प्रदेश वा स्थानिय तहले विशेष अनुदान खर्च गर्दा जुन आयोजना वा कार्यक्रमको लागि अनुदान प्राप्त भएको सोही आयोजना वा कार्यक्रममा मात्र खर्च गर्नुपर्नेछ । साथै प्रदेश वा स्थानिय तहले विशेष अनुदान रकम खर्च गर्दा आन्तरिक नियन्त्रण प्रणाली अपनाई आर्थिक कार्यविधी तथा सार्वजनिक खरिद सम्वन्धी प्रचलित कानुनको अधिनमा रहि खर्च गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले संघ वाट प्राप्त विशेष अनुदान रकम १ करोड र प्रदेशवाट ३० लाख गरी जम्मा रु १ करोड ३० लाखमा कार्कीगाउ भवन निर्माणका लागि ठेक्का भइ भवन निर्माणमा रु८३६११०० र पलङ्‌ कंक्रिट कार्य वाल निर्माणमा रु १९३८०००खर्च भएको छ । वाकी रहेको रकमवाट कार्यालयले सोझै खरिदको विधी अपनाइ ट्वाइलेट निर्माण रु ९८३८०० र कम्पाउण्ड वाल निर्माणमा रु ७९६२६१ को गरी रु १७६१००६१ र लक्ष्मी मावि भवन निमर्माणमा ६० लाख प्राप्त भएकोमा ठेक्का प्रकृयावाट रु ५४१९५१७ खर्च गरी वाकी रहेको रकम वाट सोझै खरिदको विधी अपनाइ रु ५४८६८२ फिल्ड निर्माण कार्यमा खर्च गरेको पाइयो । अत निम्नानुसार व्यवसायीलाई सोझै खरिदको विधि अपनाइ भुक्तानी भएको रकम सार्वजनिक खरिद ऐन नियम अनुसार नदेखीएको रु

| **भौ नं मिति** | **व्यवसायिको नाम** | **भुक्तानी रकम** |
|---|---|---|
| १६७।०८१।३।२४ | किसान विल्डर्स | ७९६२६१ |
| १०३।०८१।३।१७ | शान्त निर्माण सेवा | ९८३८०० |
| ६८।०८१।३।२४ | मिना कन्ष्ट्रक्सन | ५४८६८२ |
| **जम्मा** | | **२३२८७४३** |

| अनियमित भएको | २३,२८,७४३ |
|---|---|

५७.२ **धरौटी रकम**

सार्वजनिक खरिद नियमावली २०६४ को दफा १२३ को (४) मा खरिद कार्यमा बिल विजकको भुक्तानी गर्दा सार्वजनिक निकायले रिटेन्सन मनी वापत रनिङ वा अन्य बिल वा विजकमा उल्लिखित रकमको पाँच प्रतिशत रकम कट्टा गर्नुपर्ने व्यवस्था रहेको छ । तर कार्यालयले निम्न व्यवसायिलाई भुक्तानी भएको रकम मा ५ प्रतिशत धरौटी रकम रु ४३५७३ कट्टा भएको नदेखिएकोले नियमानुसार धरौटी कट्टा नभएको रकम अनियमित देखीएको रु

| **भौ नं मिति** | **व्यवसायिको नाम** | **भुक्तानी रकम** | **५ प्रतिशत धरौटी रकम** |
|---|---|---|---|
| १६७।०८१।३।२४ | किसान विल्डर्स | ७९६२६१ | ३५२३२ |
| १०३।०८१।३।१७ | शान्त निर्माण सेवा | ९८३८०० | ४३५३१ |
| ६८।०८१।३।२४ | मिना कन्ष्ट्रक्सन | ५४८६८२ | २४२७७ |
| **जम्मा** | | **२३२८७४३** | **१०३०४०** |

| अनियमित भएको | १,०३,०४० |
|---|---|

५८ **दोहोरो अनुदान** (४९-२०८१-३-१८):

कृषि प्रविधि प्रदर्शन कार्यक्रम अन्तर्गत हाते ट्याक्टर लगायत अन्य सामाग्रीको लागि चन्द्र बहादुर भारतीले लिएको पेश्की फछर्यौट रु३०००००।सहित रु ३४७७०० खर्च भएको छ । उक्त कार्यक्रमको लागि कार्यपालिकाको निर्णायानुसार कृषि प्रविधि हस्तान्तर कार्यक्रमको लागि चंखिला नर्सरी तथा बाख्रा पालन फर्म र खत्री नर्सरी फर्मलाई छनौट गरेकोमा निजले छनौट भएको फर्महरुलाई अनुदान रकम नदिई आफैंले दुई वटा फलामे टनेल बनाएको बिलको रकम रु३०५०००। तथा नेट जाली र ड्रम खरीद गरेको बिल संलग्न गरेको छ । उक्त अनुदानग्राही दुइजना व्यक्तिहरुलाई नेट जाली र ड्रम बुझाएको भरपाई संलग्न राखेको छ । पालिकाले अनुदान रकम उपलव्ध गराउँदा आवश्यकता पहिचान गरी यस भन्दा अघि अनुदान प्राप्त नगरेको कृषक।फर्म।सहकारी।फर्म को अभिलेख खडा गरी छनौट गर्ने आधार स्पष्ट खुलाई सम्बन्धित शाखाको सिफारिस गरेको पाइएन । साथै उक्त फर्महरु प्रदेश तह अन्तर्गतको पशु अस्पताल तथा पशु सेवा कार्यालय जाजरकोटबाट पनि अनुदान लिएको पाइयो । अत पालिकाले संघ प्रदेश तथा स्थानीय तह बीच समन्वय गरी दोहोरो नहुने गरी अनुदान वितरण गर्नुपर्दछ । अनियमित देखिएको रु

| | |
|---|---|
| अनियमित भएको | ३,४७,७०० |

५९ **सवारी साधन खरिद**

५९.१ पालिकाले यो वर्ष सिप्रद्धि ट्रेडिङ्गवाट रु २९ लाख ८९ हजारमा आन्तरीक श्रोतवाट गाडी खरिद गरेको देखियो । पालिकाको यो वर्षको आन्तरिक आय रु १२१२४०५७ मात्र रहेको छ । जसको २४.६५ प्रतशत गाडी खरिदमा खर्च भएको पाइयो पालिकाले सुविधाका सामान खरिद गर्दा आन्तरिक आय समेतलाई मध्यनजर गरी गर्नुपर्ने हुन्छ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

५९.२ **धरौटी रकम**

सार्वजनिक खरिद नियमावली २०६४ को दफा १२३ को (४) मा खरिद कार्यमा बिल विजकको भुक्तानी गर्दा सार्वजनिक निकायले रिटेन्सन मनी वापत रनिङ वा अन्य बिल वा विजकमा उल्लिखित रकमको पाँच प्रतिशत रकम कट्टा गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले सिप्रद्धि ट्रेडिङ्ग प्रा लि लाई गाडी खरिद वापत रु२९८९००० भुक्तानी ५ प्रतिशत धरौटी रकम रु १३२२५६ कट्टा भएको नदेखिएकोले नियमानुसार धरौटी कट्टा नभएको रकम अनियमित देखीएको रु १३२२५६

| | |
|---|---|
| अनियमित भएको | १,३२,२५६ |

६० **मातृ तथा नवशिसु कार्यक्रम**

२६६।०८०।१।२३ स्थानिय तह मातृ तथा नवशिसु कार्यक्रम अन्तर्गत आमा सुरक्षा गर्भवती उत्प्रेरणा सेवा रक्तसंचार न्यानो झोला निशुल्क गर्भपतन कार्यक्रममा औषधी खरिद आवस्यक परेमा इकाइ मुल्यवाट खरिद गर्ने र नियमित किसिमका औषधीहरु औषधी खरिद शिर्षकवाट गर्नुपर्नेमा यस शिर्षकवाट रु ९९९५४ खरिद भएकोले अनियमित देखिएको रु

| | |
|---|---|
| अनियमित भएको | ९९,९५४ |

६१ **दरवन्दी भित्रको करार**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ (८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पदमा मात्र करारबाट सेवा लिन सकिने व्यवस्था गरेको छ । पालिकाले उल्लेखित बाहेकका स्वास्थ्य तर्फका विभिन्न पदहरुमा दरवन्दी भित्रको पदमा ४ जना स्वास्थयकर्मी करारमा नियुक्त गरी तलव भत्तामा रकम १३८३७२० भुक्तानी गरेको छ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

६२ **थप प्रोत्साहन**

४९०।२०८०।३।२३ कार्यपालिकाको निर्णयानुसार पालिकाले वित्तिय समानिकरण चालुवाट चौविसै घण्टा प्रसुति सेवा प्रदान गरिरहेका स्वास्थ्यकर्मीहरुलाई थप प्रोत्साहन भत्ता समानिकरण चालु वाट खर्च लेख्नुपर्नेमा संघ ससर्तवाट भुक्तानी भएको पाइएकोले श्रोत फरक पारी भुक्तानी भएको रकम रु७२५०० संघिय संचित कोष फिर्ता गर्नुपर्ने रु ७२५००

| नाम | भुक्तानी रकमप्रति केश | जम्मा भुक्तानी रकम |
|---|---|---|
| टिका कुमारी वुढा | ५०० | ७००० |
| लक्ष्मी खत्री | ५०० | १२००० |
| सरस्वती शाही | ५०० | १३००० |
| निर्मला थापा | ५०० | ९५०० |
| मनिषा कुमारी खड्का | ५०० | ६००० |
| दर्गा खत्री | ५०० | ११५०० |
| जनाकुमारी साही | ५०० | १३५०० |

| असुल गर्नुपर्ने | ७२,५०० |
|---|---|

## ६३ विद्यालय नर्सिङ्ग

१७५।०८०।१२।१ पालिकाले नगरपालिका चालुतर्फवाट विद्यालय नर्सहरुको समिक्षा कार्यक्रम गरेकोमा समिक्षा कार्यक्रम वापत दिपक वहादुर खड्कालाई भुक्तानी भएको दैनिक भ्रमण भत्ता रकम संघ ससर्त विद्यालय स्वास्थ्य तथा नर्सिङ्ग सेवा को तलव भत्ता वाट खर्च लेखेको रकम रु ९००० संघीय संचित कोष फिर्ता गर्नुपर्ने रु

| असुल गर्नुपर्ने | ९,००० |
|---|---|

## ६४ लघु उद्यम विकास कार्यक्रम

गरिवि निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७ नियम ३९अनुसार तालिमवाट उत्पादित सामान वा वस्तुको व्यवस्थित अभिलेख राखी त्यस्ता उत्पादनहरु प्रशिक्षण अवधिमै परल मूल्यको पचास प्रतिशत छुट मूल्यमा सहभागिलाई विक्री गर्न सकिने र विक्री वाट प्राप्त रकम राजश्व आम्दानी गर्नुपर्ने र विक्री नभएका सामान स्टोर दाखिला गर्नुपर्ने व्यवस्था छ । पालिकाले अल्लो वनाउने तालिम र सिलाई कटाइ तालिम संचालन गरेकोमा तालिमवाट उत्पादित मालसामानको जिन्सी अभिलेख तयार गरेको देखिएन । साथै उत्पादित सामान विक्रि गरि राजश्व आम्दानी गरेको तथा विक्रि नभएका सामान भण्डार दाखिला गरेको देखिएन । लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७ नियम ४१ अनुसार प्रविधी हस्तान्तरण गर्दा लाभग्राही को साझेदारी रकम र उत्पादित सामान विक्री गरी राजश्व आम्दानी गर्नुपर्ने व्यवस्था छ यस विषयमा कार्यालयको ध्यान जानुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

## ६५ दरवन्दी वाहीरको करार

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ (८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पदमा मात्र करारबाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानिय तहका स्वास्थ्य शाखा स्वास्थ्य चौकी प्राथमिक स्वास्थ्य केन्द्र अस्पताल तथा आयूर्वेद औषधालयहरुमा कार्यरत स्थायी कर्मचारीको स्वीकृत दरवन्दी अनुसारको तलव महङ्गी भत्ता पोषाक भत्ता शिर्षकवाट कार्यालयले नगरकार्यपालिकाको २०७८।३।१० को निर्णयले नगरपालिका चालुवाट तलव भत्ता खुवाउने गरी नियुक्त गरेका स्वास्थ्य कर्मिको तलव भत्ता ससर्त तर्फवाट खर्च लेखेकोले यसरी श्रोत फरक पारि खर्च लेखेको संघीय संचित कोष फिर्ता गर्नुपर्ने

| नाम | कार्यरत संस्था | मासिक भुक्तानी रकम | जम्मा भुक्तानी रकम |
|---|---|---|---|
| ल्याव असिष्टेन्ट निर्मला थापा | दसेरा | २६६१० | ३४५९३० |
| ल्याव असिष्टेन्ट शसिला रावत | नगर अस्पताल | २८२०० | ३६६६०० |
| मानवहादुर खड्का | नगर अस्पताल | १९४८० | २५३२४० |
| प्रेम वहादुर थापा | नगर अस्पताल | १९४८० | २५३२४० |
| टिका कुमारी खड्का | साल्मा | १२००० | १२००० |
| सरीता थापा | दसेरा | १२००० | १२००० |
| गिताकुमारी शर्मा | सवानाउली | १२००० | १२००० |
| कलासी परियार | कार्कीगाउ | १२००० | १२००० |
| कालु सार्की | पजारु ख | १२००० | १२००० |
| कमला महतरा | पजारु क | १२००० | १२००० |
| रिता घर्तिमगर | सुनावली | २८२०० | ३६६६०० |
| नविन खड्का | नगर अस्पताल | २८२०० | ३६६६०० |
| प्रतमा वि क | सुवानाउली | २६६१० | ३४५९३० |
| रविता अधिकारी | नगर अस्पताल | २६६१० | ३४५९३० |
| विमल वर | नगर अस्पताल | २६६१० | ३४५९३० |
| मनिसा कुमारी खड्का | नगर अस्पताल | २६६१० | ३४५९३० |
| जस वहादुर पुन | नगर अस्पताल | १९४८० | २५३२४० |
| जम्मा | | | ३६६११७० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३६,६१,१७० |

६६ **प्रदेश समपुरक अनुदान**

कर्णाली प्रदेश समपुरक अनुदान सम्वन्धी कार्यविधी, २०७५ को दफा नं ५ मा प्रदेश सरकारले व्यहोर्ने अंश सम्बन्धमा आयोजनाको प्रकृति, आवश्यकता, प्राथमिकता, सम्भाव्य उपलव्धी, दिगोपना लगायतका आधारमा कुल लागतको पचास प्रतिशतसम्म प्रदेश सरकाले र बाँकी सम्बन्धित स्थानीय तहले श्रोत जुटाउनुपर्ने उल्लेख छ । सोही अनुरुप पालिकाको मागको आधारमा समपुरक अनुदान अन्तर्गत रु५०,००,०००। बजेट विनयोजन भएको छ । पालिकाले यस वर्ष पुरानो गाउँ गाडेसाल कार्कीगाउँ सडक निर्माण कार्यका लागि पालिकाको श्रोत समेत राखी रु.१,४८,१९,२३२।३९ को लागत अनुमान तयार गरी बोलपत्र आव्हान गरेकोमा कम दररेट कबोल गर्ने किसान विल्डर्ससंग सम्झौता अंक रु७५,६४,८०८।०० मा मिति २०८१।३।१५ मा कार्यसम्पन्न गर्नुपर्ने गरी मिति २०८०।९।११ मा सम्झौता भएको छ । उक्त सडक योजनाको रु.७५,५६,८५८।५४ कार्यसम्पन्न पेश भई पालिकाले रु,७५,५४,०९०।- भुक्तानी गरेको छ । सोही अनुसार पालिकाबाट भुक्तानी भएको अंकको पचास प्रतिशतले हुने रु.३७,७७,०४५।- प्रदेश सरकारले व्यहोर्नु पर्नेमा विनियोजित बजेट अनुसारको पुरै रकम रु.५०,००,०००। प्रदेशतर्फबाट खर्च लेखी र बाँकी रु.२५,५४,०९०।- मात्र पालिकाबाट खर्च लेखेको पाइयो । तसर्थ प्रदेश सरकारबाट व्यहोर्नुपर्ने रु.३७,७७,०४५।-बाहेकको रु.१२,२२,९५५। स्थानीय तहबाट व्यहोर्नुपर्ने रकम प्रदेश तर्फबाट नै खर्च लेखेको पाइएकोले उक्त रकम प्रदेश संचितकोष फिर्ता गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १२,२२,९५५ |

६७ **अनुपातिक कट्टी**

६७.१ नगरपालिकाको आर्थिक सहयोग र स्थानीय संस्था पहाडी क्षेत्र विकास अभियान जाजरकोटको सामाजिक तथा प्राविधिक सहयोगमा नगरपालिका, जलश्रोत व्यवस्थापन कार्यक्रम हेल्भेटास नेपाल र उपभोक्ता समिति बीच भएको त्रिपक्षिय सम्झौता भएको खानेपानी योजनाको कार्यक्रम सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम रहेका छन् ।

रांगा खानेपानी तथा सरसफाइ उपभोक्ता समिति वडा नं १०, नगरपालिका तथा एकीकृत जलश्रोत व्यवस्थापन कार्यक्रम हेल्भेटास नेपाल बिच मिति २०७९।७।३० मा राँगा खानेपानी तथा सरसफाइ योजना अन्तर्गत दुइवटा मुल इन्टेक बनाउने, रिजरभ्वायर ट्यांकी ६ वटा सहित पाइपलाई ट्रान्समिसन र डिष्ट्रिव्युसन लाईन तथा निजी धारा जडान सहितको कार्य गर्न रु९६,०४,८३०।१८ सम्झौता भएको छ । जसअनुसार उपभोक्ता समितिको १४.९१ प्रतिशत, निजी धारा उपभोक्ताको लागत सहभागितामा ८.८६ प्रतिशत, हेल्भेटास ५४.९७ प्रतिशत र नगरपालिका २१.२६ प्रतिशत व्यहोर्ने गरी सम्झौता भएको छ । उक्त खानेपानी योजनाको काम मिति २०८०।४।२ मा सम्पन्न गरी रु७९०९१६०।३१ को कार्यसम्पन्न प्रतिवेदन पेश भएको छ । पालिकाले सम्झौता बमोजिम कार्यसम्पन्न अंकको २१.२६ प्रतिशतले हुने रु१६८१४८८। मात्र भुक्तानी गर्नुपर्नेमा रु.१८,४७,०००। भुक्तानी गरेको पाइएकोले बढी भुक्तानी भएको रु १,६५,५१२। असुल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,६५,५१२ |

६७.२ सिमाधारा औलामुल्ला खानेपानी तथा सरसफाइ उपभोक्ता समिति वडा नं १३, नगरपालिका तथा एकीकृत जलश्रोत व्यवस्थापन कार्यक्रम हेल्भेटास नेपाल बिच मिति २०७९।६।११ मा सिमाधारा औलामुल्ला खानेपानी तथा सरसफाइ योजना अन्तर्गत दुइवटा मुल इन्टेक बनाउने, रिजरभ्वायर ट्यांकी ४ वटा सहित पाइपलाई ट्रान्समिसन र डिष्ट्रिव्युसन लाईन तथा निजी धारा जडान सहितको कार्य गर्न रु१,१३,६२,६४८।८२ मा सम्झौता भएको छ । जसअनुसार उपभोक्ता समितिको १७.४५ प्रतिशत, निजी धारा उपभोक्ताको लागत सहभागितामा ८.९१ प्रतिशत, हेल्भेटास ५२.८४ प्रतिशत र नगरपालिका २०.८० प्रतिशत व्यहोर्ने गरी सम्झौता भएको छ । उक्त खानेपानी योजनाकोकाम मिति २०८०।३।१३ मा सम्पन्न गरी रु.९४,७०,८५०।७२ को कार्यसम्पन्न प्रतिवेदन पेश भएको छ । पालिकाले सम्झौता बमोजिम कार्यसम्पन्न अंकको २०.८० प्रतिशतले हुने रु१९,६९,९३७। मात्र भुक्तानी गर्नुपर्नेमा रु२३,६४,०००। भुक्तानी गरेको पाइएकोले बढी भुक्तानी भएको रु ३,९४,०६३। असुल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,९४,०६३ |

६८ **एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम**

एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम अन्तर्गत १५ बेडको आधारभूत अस्पताल निर्माणको लागि ठेक्का नम्बर CGM//NCB/G/WORKS/11/077/78 बाट२०८०।३।१ मा सम्पन्न गर्नेगरी रु १३५५९६२०६ मा निर्माण व्यवसायी माउन्टेन इन्फ्रा कम्पनी लिमिटेडसँग मिति २०७८।३।२ मा सम्झौता भएको थियो । लेखापरीक्षण अवधिसम्म भौतिक प्रगति ६० प्रतिशत र बित्तिय प्रगति ५० प्रतिशत भएको विवरण पेश भएको छ । यस बर्ष चौंथो र पाँचौं रनिङ बिलबाट पेश्की फछ्र्यौट समेत रु ३४९९३५९३ भुक्तानी भएको छ । यस सम्बन्धी देखिएका व्यहोराहरु निम्नानुसार छन् ।

६८.१ सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२० मा खरिद सम्झौताको अवधि थप गर्न सक्ने व्यवस्था छ ।पालिकाले २०८०।३।१ मा सम्पन्न गर्नेगरी सम्झौता गरेकोमा हालसम्म निर्माण कार्य सम्पन्न भएको छैन । मिति २०८०।३।१० को नगर सभाको निर्णयानुसार २०८१।३।१५ सम्मको लागि म्याद थप भएकोमा म्याद थपको वास्तविक कारण, बाँकी कामको कार्य तालिका, बिमा तथा कार्य सम्पादन जमानतको अवधि थप गरेको प्रमाण पेश भएन । अत नियमावलीमा तोकेको प्रकृया पुरा गरेर निर्माण कार्यको अवधि थप गर्नुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

६८.२ **२।२०८१।३।२८**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११९ मा मूल्य समायोजन सम्बन्धी व्यवस्था छ । जसमा सार्वजनिक निकायले मूल्य समायोजन गर्न सकिने कुरा खरिद सम्झौतामा उल्लेख गर्नुपर्ने व्यवस्था छ । निर्माण व्यवसायी माउन्टेन इन्फ्रा कम्पनी लिमिटेडसँग भएको Special Conditions of Contract (GCC 53.1) मा The Contract is not subject to price adjustment, 53.7 मा The price adjustment amount shall be limited to a maximum 0% of the initial contract price भन्ने उल्लेख छ । तर नगरपालिकाले यस बर्ष चौंथो र पाँचौ रनिङ्ग बिलबाट क्रमश रु २१४००६९।६० र १९९७८९५।८६ गरी जम्मा रु ४१३७९६५।४६ मूल्य समायोजन भुक्तानी गरेको छ । मिति २०८०।३।१० को नगरसभाको निर्णय अनुसार २०८१।३।१५ सम्मको लागि म्याद थप गरेको देखिन्छ । साथै मुल्य समायोजन सम्झौतामा छुट भई सो आयोजना बहुबर्षिय ठेक्का रहेको र बहुबर्षिय ठेक्काको लागि मूल्य समायोजन दिन मिल्ने कानूनी व्यवस्था भएकोले सोही बमोजिम मूल्य समायोजन दिने निर्णय नगरसभाले गरेको छ । यसरी सार्वजनिक खरिद नियमावलीमा भएको व्यवस्थाको पालना नगरी भुक्तानी भएको मूल्य समायोजन रु ४१३७९६५।४६ असूल गर्नुपर्दछ ।

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४१,३७,९६५ |

## ६९ मुख्यमन्त्री रोजगार कार्यक्रम

६९.१ मुख्यमन्त्री रोजगार कार्यक्रम कार्यान्वियन सम्वन्धी च नं ६९८/२०७८।८।२६ को पत्रको विषयमा मुख्यमन्त्री रोजगार कार्यक्रम कार्यान्वियन सम्वन्धमा मुख्यमन्त्री रोजगार कार्यक्रममा कार्यरत श्रमिकको ज्याला भुक्तानी गर्दा सम्वन्धीत जिल्लाको जिल्ला दररेट,स्थानिय दररेट वा प्रधानमन्त्री रोजगार कार्यक्रम पाउने मध्ये कुनै एक दररेट अनुसार श्रमिकले पाउने ज्यालादर कायम गर्ने उल्लेख छ । जाजरकोट जिल्लाको जिल्ला दररेट रु ९६० र प्रधानमन्त्री रोजगार कार्यक्रमको ज्यालादर रकम रु७६८ रहेकोमा पालिकाले प्रधानमन्त्री रोजगार जस्तै एकै खालको कार्यक्रम संचालन गर्दा प्रधानमन्त्री रोजगारमा रु ७६८ का दरले र मुख्यमन्त्री रोजगारमा ९६० का दरले रकम भुक्तानी गरेको पाइयो । राष्ट्रिय श्रोत साधनको उपयोग गर्दा लक्षित वर्गको अधिकतम सहभागिता र गुणस्तरिय कार्य र मितव्ययिता समेतलाई ध्यानमा राखि खर्च गर्नुपर्ने हुन्छ । कार्यालयले यो वर्ष मुख्यमन्त्री रोजगार कार्यक्रमा जिल्ला दररेट राखि १२५ जना श्रमिकका लागि रु११०७५३२७ खर्च भएकोमा उक्त कार्यक्रमा प्रधानमन्त्री रोजगारको दररेट राखि भुक्तानी भएमा रु८८६०२६१ मात्र खर्च हुने देखिन्छ तसर्थ कार्यालयले खर्च गर्दा मितव्यिता समेतलाई ख्याल खर्च लेख्नेलाई जिम्मेवार वनाइनु पदर्छ ।रु

| | |
|---|---|
| अनियमित भएको | २२,१५,०६५ |

६९.२ ७१।०८१।३।११ मूख्यमन्त्री रोजगार कार्यक्रम संचालन कार्यविधी २०७८ वुदा नं ७ अनुसार पहिचान भएका श्रमिकले रोजगारीको कार्य गरिसकेपछी पाउने ज्याला रकम श्रमिकको वैक खातामा पठाउनुपर्ने व्यवस्था रहेको छ । पालिकाले रोजगारका श्रमिकलाई भुक्तानी गर्नुपर्ने रकम ताराकुन्ज एग्रो प्रालिलाई कम्पोष्ट मल निर्माण सम्वन्धी कृषि तालिम संचालन गरी कम्पोष्ट मल निर्माण मा श्रमिक प्रयोग गरी संस्था मार्फत ज्याला भुक्तानी गरेको देखाइ रु९४०२०० श्रमिकको ज्याला रकम खर्च गरेको छ । श्रमिकको खातामा जानुपर्ने रकम तालिम संचालक संस्थालाई भुक्तानी भएको अनियमित देखिएको रु

साथै निर्देशिकाको वुदा ७ को अनुसुची ५ मा श्रम तथा सामाग्री अनुपात अनुसार यस शिर्षकमा विनियोजित वजेटवाट श्रमिकको ज्याला र सामाग्री खरिदमा मात्र खर्च गर्न मिल्ने देखिन्छ । तर पालिकाले ताराकुन्ज एग्रो प्रालिलाई तालिम संचालन गरेको उल्लेख गरी रु ८५४१० खर्च लेखेको रकम अनियमित देखिएको रु

| | |
|---|---|
| अनियमित भएको | १०,२५,६१० |

## ७० पूर्व निर्धारित क्षतिपूर्ति

२।२०८००।७।१९ सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२१ मा आपूर्तिकार्ताको ढिलाइ को कारणले खरिद सम्झौतामा तोकिएको म्यादमा खरिद सम्झौता वमोजिमको काम सो सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई सम्झौता रकमको १० प्रतिशतमा नवढ्ने गरी साधारणतया प्रतिदिन सम्झौता रकमको ०.०५ प्रतिशतका दरले पूर्वनिधारित

क्षतिपूर्ति दिनुपर्ने व्यवस्था छ । पालिकाले गगदा झोलुङ्गे पुल र पिपतारा झोलुङ्गे पुल को लागि एस के इन्जिनियरिङ्ग इन्डष्ट्रिज प्रालि संग २०८०।३।१४ मा सम्झौता अनुसार ४५ दिनमा सामानको सप्लाई गर्ने उल्लेख छ । तर सप्लायर्सले सामानको रकम भुक्तानीको लागि दिएको निवेदन २०८०।७।१६ मा दर्ता भएको पाइयो । सप्लायर्सलाई ढिलो गरी सामान सप्लाई भएकोमा कार्यालयले म्याद थप गरेको पाइएन । तसर्थ जम्मा ८१ दिन ढिला गरी समान सप्लाई गरेको कारणले भुक्तानी रकम रु१८६६२७९ को पूर्वनिर्धारित क्षतिपूर्ति प्रति दिन रु ९३३ का दरले जम्मा रकम रु७५५७३ असुल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७५,५७३ |

७१ **संघ समपुरक**

संघ समपुरक अनुदान सम्वन्धी कार्यविधी, २०७५ बुदा नं ६ नेपाल सरकारले प्रदेश तथा स्थानिय तहवाट संचालन गरीने भौतिक पूर्वाधार विकास सम्वन्धी आयोजना वा कार्यक्रमको लागि समपुरक अनुदान प्रदान गर्न सकिने व्यवस्था गरेको छ । समपुरक अनुदान आयोजना वा कार्यक्रमको कुल लागत, आयोजना वा कार्यक्रमको प्रकृति, आयोजना वा कार्यक्रमको कार्यान्वियनको आवस्यकता, प्राथमिकता आयोजना वा कार्यक्रमको कार्यान्यिनवाट हुनसक्ने उपलव्धी रआयोजना वा कार्यक्रमको दिगोपना समेतको आधारमा स्थानिय तहलाई कुल लागतको अधिकतम पचास प्रतिशतसम्म रकम समपुरक अनुदान प्रदान गर्न सक्नेछ । पालिकाले यो वर्ष खार खामलेक सडक निर्माण कार्यका लागि पालिकाको श्रोत समेत राखी रु.१०४८६०५७ को लागत अनुमान तयार गरी बोलपत्र आव्हान गरेकोमा कम दररेट एम डि विल्डर्स संग सम्झौता अंक रु५१२२०२२ मा मिति २०८१।३।१५ मा कार्यसम्पन्न गर्नुपर्ने गरी मिति २०८०।८।२९ मा सम्झौता भएको छ । उक्त सडक योजनाको रु.५०७८७५३ कार्यसम्पन्न पेश भई पालिकाले भुक्तानी गरेको छ । सोही अनुसार पालिकाबाट भुक्तानी भएको अंकको पचास प्रतिशतले हुने रु.२५३९३७६ संघ सरकारले व्यहोर्नु पर्नेमा संघ सरकारवाट रकम रु.४०५४७५३ संघतर्फबाट खर्च लेखी र बाँकी रु.१०२४००० मात्र पालिकाबाट खर्च लेखेको पाइयो । तसर्थ संघ सरकारबाट व्यहोर्नुपर्ने रु.२५३९३७६ बाहेकको रु.१५१५३७६ स्थानीय तहबाट व्यहोर्नुपर्ने रकम संघ तर्फबाट नै खर्च लेखेको पाइएकोले उक्त रकम संघीय संचितकोष फिर्ता गर्नुपर्दछ । रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | १५,१५,३७६ |

७२ **प्रदेश समपुरक**

१८०।०८०।३।२४ कर्णाली प्रदेश समपुरक अनुदान सम्वन्धी कार्यविधी, २०७५ को दफा नं ५ मा प्रदेश सरकारले व्यहोर्ने अंश सम्बन्धमा आयोजनाको प्रकृति, आवश्यकता, प्राथमिकता, सम्भाव्य उपलव्धी, दिगोपना लगायतका आधारमा कुल लागतको पचास प्रतिशतसम्म प्रदेश सरकाले र बाँकी सम्बन्धित स्थानीय तहले श्रोत जुटाउनुपर्ने उल्लेख छ । सोही अनुरुप पालिकाको मागको आधारमा समपुरक अनुदान अन्तर्गत रु५०,००,०००। बजेट विनयोजन भएको छ । पालिकाले यस वर्ष तिवातु देखी देउली ठुल्पानी दलित टोल फाल्म सडक निर्माण कार्यका लागि पालिकाको श्रोत समेत राखी रु.११०१२१६६।३७ को लागत अनुमान तयार गरी बोलपत्र आव्हान गरेकोमा कम दररेट इम्वर कन्ष्ट्रक्सन संग सम्झौता अंक रु४८६५७३२।९३ मा मिति २०८१।३।१५ मा कार्यसम्पन्न गर्नुपर्ने गरी मिति २०८०।९।४ मा सम्झौता गरी मिति २०८१।३।८ मा भेरियसन गरी रु४२६१७४४।९० कायम भएको छ । उक्त सडक योजनाको रु.४६७५४८४ कार्यसम्पन्न पेश भई पालिकाले भुक्तानी गरेको छ । सोही अनुसार पालिकाबाट भुक्तानी भएको अंकको पचास प्रतिशतले हुने रु.२३३७७४२ प्रदेश सरकारले व्यहोर्नु पर्नेमा प्रदेश सरकारवाट रकम रु.३७९५४८४ प्रदेशतर्फबाट खर्च लेखी र बाँकी रु.८८०००० मात्र पालिकाबाट खर्च लेखेको पाइयो । तसर्थ प्रदेश सरकारबाट व्यहोर्नुपर्ने रु.२३३७७४२-बाहेकको रु.१४५७७४२ स्थानीय तहबाट व्यहोर्नुपर्ने रकम प्रदेश तर्फबाट नै खर्च लेखेको पाइएकोले उक्त रकम प्रदेश संचितकोष फिर्ता गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | १४,५७,७४२ |

७३ **राजस्व तर्फ**

**राजश्व अभिलेख :**राजस्व संकलन गर्ने कार्यालयले महालेखा परीक्षकको कार्यालयबाट स्वीकृत ढाँचामा तोकिएका फारमहरु प्रयोग गर्नु पर्दछ।पालिकाको लेखा शाखाले आम्दानी गोश्वरा भौचर उठाउदा गोश्वरा भौचरसँग बैंक भौचर नहुने, शाखामा रहेको भौचरमा नगदी रसिद नम्बर उल्लेख नहुने, मालपोत रसिद र नगदी रसिद नछुट्टिने, वडागत तथा शीर्षकगत आम्दानी राजश्व शाखाले पनि तयार नगर्ने अवस्थाले राजश्वको अभिलेख व्यवस्था कमजोर रहनुका साथै परीक्षण गर्न सक्ने अवस्थामा रहेको पाईएन । नगद आम्दानी दैनिक

रुपमा तथा भोलिपल्ट समेत दाखिला नभइ दुरीको कारण मासिक रुपमा ढिलो दाखिला हुने व्यहोरा जानकारी प्राप्त भएतापनि नियमानुसार समयमा दाखिला गर्न कार्यालयले व्यवस्था मिलाउनु पर्दछ ।

**राजश्व दाखिला :**आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८ बमोजिम जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगद सोही दिन दाखिला गरी स्रेस्ता खडा गर्नु पर्ने व्यवस्था छ । नगरपालिका अन्तर्गत १३ वटा वडाबाट ४६,३८,९६२।८६- र पालिकाबाट अनलाईन प्रणालीबाट रु.३०७२१००।७२ गरी जम्मा रु.७७११०६१।२४ राजश्व आम्दानी गरेको देखियो । ऐनको व्यवस्था अनुसार तोकिएको अवधि भित्र दाखिला गर्नुपर्नेमा महिनाको एक पटक दाखिला गर्ने गरेको देखियो। यसरी ढिला हुने गरी राजश्व रकम बैक दाखिला भएको सम्बन्धमा तँहा पालिकाले छानविन गरी, नियमानुसार हर्जना रकम असुल गर्नुपर्ने देखिन्छ । वडा कार्यालयहरुले प्राप्त गरेको आन्तरिक राजश्व रकम र बैकमा दाखिला गरेको विवरणमा पालिकाले विशेष ध्यान दिई राजस्व प्रणालीलाई स्वचालित बनाई राजस्व व्यवस्थापनमा सुधार गर्नु पर्दछ।

वडागत आम्दानी

| वडा | आम्दानी। असुली |
|---|---|
| १ | २५११०९६।०५ |
| २ | ४९५६४२।४९ |
| ३ | ६९८४९६।६० |
| ४ | ३०६८९३।७२ |
| ५ | २८३३७४।६१ |
| ६ | ४५६६१७।८८ |
| ७ | १०००० |
| ८ | ४६१९४०।०४ |
| ९ | २४३४१५।२७ |
| १० | ५११६०६।७९ |
| ११ | ४०६३४५।७७ |
| १२ | २४४०७३।६१ |
| १३ | २६९४६०।३३ |
| जम्मा | ४६३८९६२।८६ |

सैद्धान्तिक बेरुजु

७४ **बढी भुक्तानी**

कर्णाली प्रदेश आर्थिक कार्यविधि नियमावली २०७५ को दफा ३७ (३)मा खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात हुनु पर्ने व्यवस्था छ। पालिकाले देहाय अनुसार विभिन्न व्यक्ति तथा पार्टीलाई विभिन्न शीर्षकको रकम बढी भुक्तानी गर्दा बढी भुक्तानी गरेकोले असूल गर्नुपर्ने रु.

| गो.भौ.नं./मिती | शिर्षक | भुक्तानी पाउने | बढी भुक्तानी |
|---|---|---|---|
| ५१।२०८०।०६।२६ | मसलन्द तथा कार्यालय संचालन | भुपेश वि क | ८००० |
| २८८।२०८०।०८।२२ | अनुगमन तथा मुल्यांकंन र भ्रमण खर्च | सिहँ राज डाँगी | ६०४० |
| ३१९।२०८०।०८।२२ | संचार महशुल | सौगत इलेक्ट्रोनिक्स पसल | ४८५० |
| ५२०।२०८०।१०।०३ | सवारी साधन मर्मत खर्च | पवित्रा अटोएण्ड सर्भिस सेन्टर | ४५०० |
| ५६६।२०८०।११।०१ | अनुगमन तथा मुल्यांकंन र भ्रमण खर्च | गोपाल बहादुर नेपाली | ३००० |
| ५३२।२०८०।१०।०७ | मसल्द तथा कार्यालय संचालन | गणेश बहादुर थापा | १४०० |
| ७९२।२०८०।१२।१४ | लक्षित वर्ग कार्यक्रम | विमला नेपाली | ३००० |
| १०३४।२०८१।०२।०४ | संचार महशुल | न्यू साझा कम्प्युटर ट्रेड | ४२२७ |
| १०५७।२०८१।०२।०९ | सवारी मर्मत | दिपक खत्री | १६०० |
| ८२२।२०८०।१२।२८ | अनुगमन तथा मुल्यांकंन र भ्रमण खर्च | डिल्ली कुमार विटालु | ३००० |
| जम्मा | | | ३९६१७ |

| असुल गर्नुपर्ने | ३९,६१७ |
|---|---|

७५ **बिल भरपाई नभएको**

कर्णाली प्रदेश आर्थिक कार्यविधि नियमावली २०७५ को नियम३७(३) खर्च गर्दा बिल भरपाई सहित लेखा राख्नु पर्ने व्यवस्था उल्लेख छ । सो सम्बन्धमा देखिएका व्यहोराहरु देहाय अनुसार छन् ।

७५.१ ११।२०८०।६।२९कर्णाली प्रदेश आर्थिक कार्यविधि नियमावली २०७५ को नियम३७(३) खर्च गर्दा बिल भरपाई सहित लेखा राख्नु पर्ने व्यवस्था उल्लेख छ । ना प्रा स गणेश वहादुर रावललाई ३० लि प्रट्रोल खरिद बापत रु ५७०० भुक्तानी दिएकोमा लगसिट संलग्न हुनुपर्ने

| प्रमाण पेश नगरेको | ५,७०० |
|---|---|

७५.२ २४।२०८०।७।२९कृषि सभाहल तथा चंखिला फिल्ड निर्माणको लागि छेडागाड नगरपालिका वडा न १२ बस्ने बम ब खत्रीलाइ ७२२०० भुक्तानी दिएकोमा उक्त कार्य डोजरबाट गराइएकोमा भ्याट विल पेश हुनुपर्नेमा नभएकोले १४।५ प्रतिशत भ्याट र अग्रिम आयकर कट्टी गर्नुपर्ने नभएकोले १४।५ प्रतिशत रु १०४६९

| असुल गर्नुपर्ने | १०,४६९ |
|---|---|

७५.३ ९९।२०८०।११।३० तारेचौर सडक निर्माण वडा नं ९ लाइ प्राविधिक मुल्यांकन अनुसार २३८३०९। श्रमदान ४७६६१। कट्टी गरी बाँकी १९००००। भुक्तानी दिएकोमा उक्त कार्य डोजरबाट गराएकोमा भ्याट विल पेश गर्नुपर्ने नभएकोले कट्टी गर्नुपर्ने १४।५ प्रतिशत रु २७५५०

| असुल गर्नुपर्ने | २७,५५० |
|---|---|

७५.४ २।२०८०।७।१९पिपलतरा झोलुङ्गे पूलको धरौटी कट्टी नगरी पूरै भुक्तानी दिएकोले असुल गर्नुपर्ने रु ९३३१३

| असुल गर्नुपर्ने | ९३,३१३ |
|---|---|

७५.५ १५९।२०८०।१२।२जनविकास मा वि सुवानाउलीमा कार्यरत विध्यालय सहायक कर्मचारी कृष्ण ब थापा लाइ २०८० कार्तीक देखि २०८० पौष सम्म दोस्रो चौमशिक र चाडपर्व खर्च समर्त रु ५४०००। भुक्तानी दिएको र गो भौ नं १४१ बाट दोस्रो चौमासिक र चाडपर्व खर्च समेत गरी रु ५४००० निकाशा गरेकोले दोहोरो निकाशा असुल गर्ने

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५४,००० |

७५.६ ८।२०८०।०६।२६कर्णाली प्रदेश आर्थिक कार्यविधि नियमावली २०७५ को नियम३७(३) खर्च गर्दा बिल भरपाई सहित लेखा राख्नु पर्ने व्यवस्था उल्लेख छ । बाइक मर्मत भनि सि अ हे व दिपक बहादुर खड्कलाइ मर्मत संभार कोषबाट रु ६२४०८० भुत्तानी दिएकोमा पूजीगत प्रकृतिको खर्च शिर्षकबाट चालु प्रकृति को खर्च शिर्षकमा खर्च गर्दा कार्यपालिकाको निर्णय हुनुपर्ने नभएकोले अनियमित देखिएको रु ६२४०८

| | |
|---|---|
| अनियमित भएको | ६२,४०८ |

७५.७ १३८६।२०८१।०३।२२नासु देव ब बुढाले बाइक मर्मत र तेल खर्च भनी २६३१० भुक्तानी लिएकोमा विल भर्पाइ जाँच गर्दा २१४३४ भएकोले बढी भुक्तानी असुल गर्ने

| | |
|---|---|
| असुल गर्नुपर्ने | २१,४३४ |

७५.८ ११४।२०८१।३।१९मुख्यमन्त्री रोजगार कार्यक्रम तर्फ श्री शंकर स्थान मा वि तला थप भवन निर्माण भनी प्राविधिकले पेश गरेको अन्तिम कार्य सम्पन्न अनुसार रु लेबर लाई ८१०४९९ भुक्तानी गरेकोमा १% सा सु कर कट्टी गर्नपर्नेमा नगरेकोले असुल गर्नुपर्ने रु ८१०४

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८,१०९ |

७६ **सम्बन्धित संस्थाको बिल जारी नगरेको** (२२४-२०८१-३-१९):

आयकर ऐन २०५८ को दफा नं ८९ क मा मूल्य अभिवृद्धि कर बिजकको भुक्तानीमा १.५ प्रतिशत अग्रीम कर कट्टी गर्नुपर्ने र दफा ८७ ८८ र ८९ अनुसार मूल्यवृद्धि करमा दर्ता नभएको व्यक्ति वा फर्मलाई भुक्तानी गर्दा १५ प्रतिशत अग्रीम कर कट्टी गरेर मात्र भुक्तानी गर्नुपर्ने उल्लेख छ । पालिका अन्तर्गत उपभोक्ता अधिकार खाद्य स्वच्छता सम्बन्धी सचेतना कार्यक्रम संचालन गर्नको लागि पालिकाले युवा जनशक्ति परिचालन केन्द्र (३०२०४७७२५)सँग सम्झौता गरी रु२५००००। खर्च लेखेकोमा उक्त संस्था आयकर तथा मू अ करमा दर्ता भएको आन्तरिकर राजस्व कार्यालयको अनलाईन पोर्टलबाट देखिन्छ । उक्त संसंथाले कार्यक्रम संचालन गरी सम्बन्धित संस्थाकै कर बिजक जारी गर्नुपर्नेमा अन्य विभिन्न पार्टीको खुद्रा बिल पेश गरी खर्च भुक्तानी लिएको पाइयो । तसर्थ सम्बन्धित कर बिजक पेश नभएको खर्च रु २५००००। को १५ प्रतिशतले हुने रु ३७५००। अग्रिम कर कट्टा गर्नुपर्नेमा रु३७५०। मात्र कट्टा गरेको पाइएकोले घटी कट्टा भएको रु ३३७५० सम्बन्धित संस्थाबाट असुल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३३,७५० |

७७ **अग्रीम आयकर**

मनघाट छेडाखोला आवतजावत गर्न खोला सम्याउने कार्य गर्न र खारा खोलाको पानीको बहाव नियन्त्रण गरी खोला सम्याउन लागत अनुमानमा मेशिन रेट राखी शर्माबहादुर खत्रीलाई कार्यादेश दिई कार्य गराई रु ११७०००। भुक्तानीमा १।५ प्रतिशत कर कट्टा गरी भुक्तानी भएकोमा मेशिन लगाएको बिल पेश हुनुपर्ने अन्यथा १५ प्रतिशतका दरले हुने रु १७५५०। अग्रीम कर रकममा रु१७५५। कट्टा गरी रु१५७९५ असुल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | १५,७९५ |

७८ **अस्थायी आवास निर्माणको पहिलो किस्ता रकम**

**अस्थायी आवास निर्माणको पहिलो किस्ता रकम**

मिति २०८०।७।१७ गते गएको भुक्म्पबाट प्रभावित घरपरिवारलाई अस्थायी आवास निर्माणको लागि पूर्ण रुपले क्षति भएका वा आंशिक क्षति भएतापनि बसोबास गर्न योग्य नरहेको घरपरिवारलाई पहिचान गरी स्थानीय विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन समितिले स्वीकृत गरेका परिवारलाई अस्थायी आवास लाभग्राही कायम गरी भूकम्प प्रभावित घरपरिवारलाई अस्थायी आवास निर्माण अनुदान कार्यविधि २०८० को परिच्छेद २ को दफा ४(१) अनुसार कायम भएका प्रभावित लाभग्राहीलाई पहिलो किस्ता जिल्ला प्रशासन कार्यालयबाट ८९९८ घरपरिवारको लागि रु २५०००। का दरले रु.२२,४९,५९,००००। निकासा गरेको छ । पालिकाले छनौट गरेको लाभग्राही संख्या ८९९८ रहेको तर प्रकृया नपुगेरपालिकाको विपद पोर्टलमा इन्ट्री भएको डाटा अनुसार ८७३७ देखाएकोमा कतिपय लाभग्राहीको नाम दोहोरो परेको कारण विपद पोर्टलले देखाएको संख्या यथार्थ नभएको पाइयो । सो सम्बन्धमा पालिकाले सम्बन्धित विपद व्यवस्थापन प्राधिकरणसँग समन्वय गरी यथार्थ लाभग्राहीको संख्या एकीन गरी मात्र रकम निकासा गर्नुपर्दछ ।

पालिकाले हालसम्म प्रकृया पुगेका तथा विपद पोर्टलमा इन्ट्री भएका ८१७१ लाभग्राहीलाई पहिलो किस्ता वापत रु.२०,४२,७५,००००। वितरण गरि८२७ लाभग्राहीलाई पहिलो किस्ता वापत रु २०६७५००० वितरण गर्न बाँकी देखिएको छ ।

अत पालिकाले हालसम्म वितरण गर्न बाँकी रहेको रकम रु २०६७५०००। प्रकृयामा रहेका लाभग्राहीलाई निकासा गर्नुपर्ने अन्यथा निकासा फिर्ता गर्नुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

७९ **जिन्सी आम्दानी** (१६६-२०८१-२-३):

कर्णाली प्रदेश आर्थिक कार्यविधि नियमावली २०७५ को नियम३७**(३)** खर्च गर्दा बिल भरपाई सहित लेखा राख्नु पर्ने व्यवस्था उल्लेख छ ।इन्द्रज्योती मा वि छेनपा १ व्यवस्थापन समितिसँग पालिकाले डेक्स बेन्च ३७ थान निर्माण र खरिद गर्ने कार्यको लागि सम्झौता गरेकोमा सम्झौता बमोजिम व्यस्थापन समितिलाई रु ३३६०००। भुक्तानी गरेको छ । तर विद्यालयले उक्त ३७ थान डेक्स र ३७ थान बेन्च जिन्सी खातामा आम्दानी बाँधेको पाइएन । अत विद्यालयले उक्त डेक्स बेन्चको जिन्सी खातामा आम्दानी बाँधी जिन्सी श्रेस्ता अद्यावधिक राख्नु पर्दछ ।

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,३६,००० |

८० **बालबालिका क्षमता विकास कार्यक्रम**

बालबालिका क्षमता विकास कार्यक्रमको लागि पालिकाबाट विनियोजन भएको रकममा देहायका सम्बन्धित वडा समितिले निर्णय गरी वडा बाल अधिकार समितिको खातामा रकम पठाएको देखियो । उक्त रकम को बिल भरपाई सहित पालिकामा पेश भई श्रेस्ता अभिलेख राख्नुपर्नेमा सो नगराई सोझै वडा समितिको निर्णयले सम्बन्धित बाल अधिकार समितिमा ट्रान्स्फर गरेको अनियमित देखिएको रु

| भौचर नं। मिति | वडा नं | वडा समितिको निर्णय | निकासा रकम |
|---|---|---|---|
| १२०३।२०८१।३।१७ | ११ | २०८०।११।१८ | ४५००० |
| १२२२।२०८१।३।१८ | ३ | २०८१।३।१७ | ४५००० |

| | |
|---|---|
| अनियमित भएको | ९०,००० |

८१ **दिवा खाजा**

शिक्षा तथा मानव श्रोत विकास केन्द्र सानोठिमी भक्तपुरको कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।८१ मा स्थानीय तहले विद्यार्थीका लागि दिवा खाजा कार्यक्रम कार्यान्वियन गर्दा विद्यालयगत तथ्याङ्कका आधारमा प्रति विद्यार्थी दैनिक रू. १५।- का दरले विद्यालय सञ्चालन भएका दिनलाई आधार मानेर वर्षमा १८० दिनका लागि अनुदान दिने व्यवस्था छ । स्थानीय तहले दिवा खाजा उपलब्ध गराइएका विद्यालयका विद्यार्थीको दैनिक हाजिरी पुस्तिका को प्रतिलिपि विद्यालयका प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिका अध्यक्षबाट प्रमाणित गराइ स्थानीय तहमा कार्यरत कर्मचारी वाट सत्यापन गराई संख्या यकिन भएपश्चात मात्र अनुदान दिने व्यवस्था छ । पालिका अन्तरगतका विद्यालयमा यो वर्ष इ सि डि देखि कक्षा ५ सम्मको विद्यार्थि संख्या ७४५५ रहेको र उक्त विद्यार्थीले १८०

दिननै हजिर भएमा दिवा खाजा रु२०१२८५०० खर्च हुने देखिन्छ । पालिकाले यो वर्ष दिवा खाजा वापत रकम रु १८१७२७९० निकासा गरेको छ र औषत १६२ दिन विद्यार्थी हाजिर भएको देखिन्छ । । दिवा खाजा वितरणको सुनिस्चितता गर्न पालिका वाट अनुगमन गरी सत्यापन पछी भुक्तानी हुनुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

८२ **राष्ट्रपति रनिङ्ग शिल्ड**

शिक्षा तथा मानव श्रोत विकास केन्द्र सानोठिमी भक्तपुरको कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।८१ अनुसार बालबालिकाको विद्यालय अतिरिक्त क्रियाकलाप संचालनका लागि राष्ट्रपति रनिङ्ग सिल्ड का लागि रु१००००० कार्यक्रम रहेको छ । कार्यालयले उक्त कार्यक्रमा भौ नं ४४४ वाट रु १ लाख खर्च गरिसकेकोमा पुन शैक्षिक सुशासनका लागि संस्थागत क्षमता विकास कार्यक्रमवाट पुन रु १ लाख खर्च गरेकोले कार्यक्रममा तोकिएभन्दा वढी खर्च भएको रकम नियमित गर्नुपर्ने रु

| | |
|---|---|
| अनियमित भएको | १,००,००० |

८३ **नमुना विद्यालय**

शिक्षा तथा मानव श्रोत विकास केन्द्र सानोठिमी भक्तपुरको कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।८१ अनुसार नमुना विद्यालय शैक्षिक तथा व्यवस्थापकीय योजना कार्यान्वियन अनुदान प्राप्त गर्ने विद्यालयले गुरुयोजना अनुसार खर्च गर्ने उल्लेख छ । यस कार्यक्रममा रु ३० लाख विद्यालयलाई निकासा भएकोमा विद्यालयले पेश गरेको प्रस्तावना अनुसार खर्च गर्नुपर्नेमा फरक तरिकाले खर्च गरेको छ । जस्तै आवास व्यवस्थापन उल्लेख भएकोमा छात्रावासको सुरुवात नभएकोमा शिक्षकको आवास व्यवस्थापन भएको प्रस्तावनामा विद्यार्थीलाई शैक्षिक भ्रमण उल्लेख भएकोमा शैक्षिक भ्रमण कार्यक्रम नै नभएको सोलार सेट जडान उल्लेख भएकोमा सोलार जडा भएको पाइएन साथै स्काउट कार्यक्रम संचालन गर्ने उल्लेख भएकोमा सो कार्यक्रम संचलन भएको देखिएन अत विद्यालयले खर्च गर्दा प्रस्तावनामा उल्लेख भएअनुसार गर्नुपर्ने देखिन्छ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

८४ **पोषाक खर्च**

आर्थिक कार्यविधी तथा वितिय उत्तरदायित्व नियमावली, २०७५ को दफा ३९ को उपदफा ५ अनुसार खर्च गर्दा विल भर्पाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । साथै खर्च गर्दा दोहोरो नहुने गरी सम्वन्धित कार्यक्रममा खर्च गर्नुपर्ने हुन्छ । पालिकाले शिक्षक निम वहादुर पुनलाई पोषाक खर्च भौ नं ४६२ वाट भुक्तानी भैसकेकोमा पुन भौ नं ४५६ वाट रु १०००० पोषाक रकम निकासा भएकोले दोहोरो निकासा भएको रकम असुल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | १०,००० |

८५ **एकमुष्ठ अनुदान**

१७६।०८०।१२।२ वार्षिक एकमुष्ठ अनुदानवाट विद्यालय संचालन गर्ने कार्यविधी २०७६ को वुंदा नं ३ मा अनुदान प्राप्तीका सर्तहरुमा इ सि डि देखी कक्षा ५ सम्म संचालन भएको हुनुपर्ने र न्यूनतम विद्यार्थी संख्या ४५ हुनुपर्ने उल्लेख गरेको पाइयो । पालिकाले निम्नानुसार विद्यालयलाई वार्षिक एकमुष्ठ अनुदान रकम उपलव्ध गराएकोमा विद्यार्थी संख्या र तोकिएको कक्षा समेत संचालनमा रहेको देखिएन ।

शिक्षा तथा मानव श्रोत विकास केन्द्रवाट विद्यालय तोकी आएकोले निकासा गरेको कार्यालयको भनाई छ ।

| **विद्यालयको नाम** | **संचालित कक्षा** | **विद्यार्थी संख्या** | **निकासा रकम** |
|---|---|---|---|
| जनविकास प्रावि | ECD देखी ४ | २६ | ६००००० |
| मालिका प्रावि | ECD देखी ३ | ४८ | ६००००० |

| |
|---|
| सैद्धान्तिक बेरुजु |

८६ **वित्तीय समानिकरणबाट पालिका शिक्षकको तलब**

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । पालिकाले स्वीकृत दरबन्दी भित्र नपरेका शिक्षकहरुलाई निश्चित समयको लागि भनि पालिका करारमा शिक्षकहरु राखी विगत वर्ष देखि नै करारमा राखी देहायका शिक्षकहरुलाई तलब भत्ता रु ११०७०००। भुक्तानी गरेको पाईयो । यसरी पालिका अन्तर्गत रहेको विद्यालयहरुमा विद्यार्थीको अनुपातको आधारमा शिक्षक नपुगेको वा सुगम क्षेत्रमा काजमा रहेको कारण करारमा राख्नु परेको सम्बन्धमा पालिकाले ठोस निर्णाय गरेको पाइएन । यस्तो खर्चमा नियन्त्रण हुनुपर्दछ ।

| भौचर नं।मिति | विद्यालय | शिक्षक संख्या | रकम |
|---|---|---|---|
| १२३१।२०८१।३।१८ | भाग्योदय मा वि छेडागड ५ | ४ | २७२००० |
| १२३६।२०८१।३।१९ | सरस्वती आ वि छेडागाड १२ | १ | १५०००० |
| १२४१।२०८१।३।१९ | सरस्वती आ वि छेडागाड १३ | १ | १४५००० |
| १२८७।२०८१।३।२० | भगवती आवि छेडागाड १३ | १ | १४५००० |
| १३५१।२०८१।३।२१ | जनज्योति आ वि छेडागाड १३ | १ | ८५००० |
| १२४५।२०९१।३।१९ | जनविकास मा वि छेडागाड ६ | १ | १००००० |
| १४२४।२०८१।३।२४ | जनचेतना प्रा वि छेडागाड ६ | १ | १००००० |
| १४२८।२०८१।३।२४ | शंकरस्थान मा वि छेडागाड २ | १ | ११०००० |
| | | जम्मा | ११०७००० |

सैद्धान्तिक बेरुजु

८७ **शैक्षिक गुणस्तर**

राष्ट्रिय शिक्षा नीति, २०७६ मा विद्यालय शिक्षालाई गुणस्तर युक्त वनाउन स्थनिय तहवाटै नियमित अनुगमन, निरीक्षण र सुपरिवेक्षण गरी सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तरको मापन गरी अनुगमन मूल्याङ्कन प्रतिवेदन सार्वजनिक गर्नुपर्ने व्यवस्था रहेको छ । गाँउपालिकाले सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर मापन मापदण्ड तयार गरी अनुगमन मूल्याङ्कन तयार गरेको छैन । तसर्थ गाँउपालिकाले सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर मापन मापदण्ड तयार गरी अनुगमन मूल्याङ्कन प्रतिवेदन तयार गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

८८ **विद्यालयगत निकासा रजिष्टर**

आर्थिक कार्यविधि नियमावली तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ मा अधिकार प्राप्त अधिकारीले आय व्यय ठीक र विश्वसनिय रहेको तथा दोहोरो हुने गरि भुक्तानी भएको छैन भन्ने कुरामा ध्यान दिनु पर्ने उल्लेख छ । कार्यालयले तोकिएको ढाँचामा विभिन्न विद्यालयलाई निकासा दिएको रकमको स्पस्ट विवरण खुल्ने गरि यथार्थ विवरण अभिलेख राख्नु पर्नेमा निकासा अभिलेख राखेको छैन । जसवाट विद्यालयलाई वास्तविक रुपमा निकासा दिनु पर्ने र भुक्तानी दिएको वारे यथार्थ विवरण प्राप्त गर्न कठिन हुने भएकोले विद्यालयगत निकासा रजिस्टर्ड खाता अद्यावधिक राख्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

८९ **तलव भत्ता निकासा**

आर्थिक कार्यविधी तथा वितिय उत्तरदायित्व नियमावली, २०७५ को दफा ३९ को उपदफा ५ अनुसार खर्च गर्दा विल भर्पाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ साथै भुक्तानी गर्दा तोकिएको कार्यक्रममा र दोहोरो नहुने गरी खर्च लेख्नुपर्दछ । कार्यालयले दशै खर्च भुक्तानी

गर्दा श्रावण भाद्र र आश्विन र दशै खर्च एकमुष्ठ निकासा गरेकोमा विद्यालय कर्मचारी तर्फ १३५०० का दरले रु ५४००० निकासा गर्नुपर्नेमा रु ६७५०० निकासा भएकोले वढी निकासा भएको रकम रु १३५०० असुल गर्नुपर्ने रु

| **कर्मचारीको नाम** | **विद्यालय** | **मासिक तलव भत्ता** | **पहिलो त्रैमासिक दशै समेत** | **जम्मा गएको रकम** | **बढी निकसा भएको रकम** |
|---|---|---|---|---|---|
| शान्त बहादुर बस्नेत | कालिका मावि | १३५०० | ५४००० | ६७५०० | १३५०० |
| राम बहादुरबुढा | इन्द्रज्योतिमावि | १३५०० | ५४००० | ६७५०० | १३५०० |
| शान्तबहादुर थापा | रामोदय मावि | १३५०० | ५४००० | ६७५०० | १३५०० |
| पदम बहादुरशाही | भाग्योदय मावि | १३५०० | ५४००० | ६७५०० | १३५०० |
| कृष्णबहादुर थापा | जनविकास मावि | १३५०० | ५४००० | ६७५०० | १३५०० |
| कृष्णबहादुर गिरी | नेरा मावि | १३५०० | ५४००० | ६७५०० | १३५०० |
| भरत बहादुरअधिकारी | बागेश्वरी मावि | १३५०० | ५४००० | ६७५०० | १३५०० |
| चन्द्रबहादुर नेपाली | कालिका मावि | १३५०० | ५४००० | ६७५०० | १३५०० |
| कालीबहादुर नेपाली | बाल मावि झाप्रा | १३५०० | ५४००० | ६७५०० | १३५०० |
| विष्णुकुमारी कार्की | नारायणी मावि | १३५०० | ५४००० | ६७५०० | १३५०० |
| देविकाखत्री | जनकल्याण मावि | १३५०० | ५४००० | ६७५०० | १३५०० |
| रञ्जनाकुमारी बुढा | लक्ष्मी मावि | १३५०० | ५४००० | ६७५०० | १३५०० |
| दिप बहादुरखडका | शंकरस्थानमावि | १३५०० | ५४००० | ६७५०० | १३५०० |
| **जम्मा** | | | | | **१७५५००** |

| असुल गर्नुपर्ने | १,७५,५०० |
|---|---|

९० **सामुदायिक सिकाई केन्द्र**

९०.१ १४६।३९८।०८१।३।१६ शिक्षा कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ अनुसार सामुदायिक सिकाइ केन्द्रले पेश गरेको प्रस्तावनाको आधारमा एकमुष्ठ रु२५०००० अनुदान उपलव्ध गराउने उल्लेख छ । यसरी प्राप्त रकम मध्ये मासिक रु १०००० सहजकर्ताको पारिश्रमिक सुविधा र चाडवाड खर्च उपलव्ध गराउने । परिश्रमिक भुक्तानी पश्चात वाकी अनुदानवाट सामुदायिक सिकाइ केन्द्र संचालन तथा व्यवस्थापन मापदण्ड २०७८ ले उल्लेख गरे वमोजिमका वार्षिक कार्यक्रमहरु तयार गरी व्यवस्थापन समितिवाट स्वीकृत गरी कार्यान्वयन गर्नुपर्ने उल्लेख छ । लेखापरीक्षणको क्रममा सामुदायिक सिकाइ केन्द्रको प्रस्तावना पेश भएन । पालिकाले सामुदायिक सिकाइ केन्द्रलाई दिने अनुदान रकम रु५६०००० परम्परागत विद्यालय धार्मिक विद्यालय शिर्षकवाट भुक्तानी गर्नुपर्नेमा प्रारम्भिक वाल विकास सहजकर्ताको पारिश्रमिक तथा कर्मचारी व्यवस्थापन अनुदानवाट भुक्तानी भएको छ ।

| सैद्धान्तिक बेरुजु |
|---|

९०.२ पालिकाले एकता सामुदायिक सिकाई केन्द्र लाई भौ नं १४६ वाट रु६०००० भौ नं३९८ वाट रु६०००० र भौ नं ४१८ वाट रु २००००० निकासा गरेको देखियो । यसरी एकता सामुदायिक सिकाई केन्द्रलाई २५०००० मात्र निकासा हुनु पर्नेमा रु ३१०००० निकासा भएको वढी निकासा रकम रु ६०००० असुल गर्नुपर्ने रु

| असुल गर्नुपर्ने | ६०,००० |
|---|---|

९१ **दलित छात्रवृत्ति**

शिक्षा तथा मानव श्रोत विकास केन्द्र सानोठिमी भक्तपुरको कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ अनुसार बालबालिकाको विद्यालय शिक्षामा पहुँच अभिवृद्धि गर्न, गुणस्तर सुधार तथा सिकाई निरन्तरताका लागि निशुल्क पाठ्यपुस्तक वितरण गर्ने व्यवस्था गरेको छ । IEMIS मा प्रविष्ट तथ्याङ्कलाई स्थानिय तह अन्तरगत संचालित सामुदायिक विद्यालयमा कक्षा १-८ सम्मका विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसंग सत्यपन गराई सत्यापित विवरण शिक्षा अधिकृतवाट प्रमाणित गरी सोका आधारमा आवश्यक कक्षागत र विषयगत पाठ्यपुस्तकको संख्या एकीन गर्ने र सो को आधारमा सुरुमा ४००का दरले छात्रवृत्ति प्रदान गर्न सकिने र दलित हकमा छात्रले समेत छात्रवृत्ति उपलव्ध गराउने उल्लेख छ । पालिकाले दलित छात्रवृत्तितर्फ उल्लेखित विद्यालयहरुलाई विद्यार्थी संख्याको आधारमा गर्नुपर्ने निकासा भन्दा वढी निकासा रकम असुल गर्नुपर्ने रु

| नाम | जम्मा १८ दलित | दलित वि संख्या | भुक्तानी भएको संख्या | दर | वढी भुक्तानी रकम |
|---|---|---|---|---|---|
| विरेन्द्र आ वि | १५ | १ | १४ | ४०० | ५६०० |
| भाग्योदय आ वि | ५७ | ० | ५७ | ४०० | २२८०० |
| पशुपति आ वि | २१ | ७ | १४ | ४०० | ५६०० |
| लक्ष्मी प्रा वि | ३१ | ८ | २३ | ४०० | ९२०० |
| जनप्रिय आ वि | १७ | ० | १७ | ४०० | ६८०० |
| रामोदय आ वि | ३१ | ० | ३१ | ४०० | १२४०० |
| पून्य ज्योति प्रा वि | २४ | ११ | १३ | ४०० | ५२०० |
| विन्द्याज्योति प्रा वि | २७ | ४ | २३ | ४०० | ९२०० |
| जनविकास प्रा वि | १२ | १ | ११ | ४०० | ४४०० |
| जनप्रिय प्रा वि | २४ | ० | २४ | ४०० | ९६०० |
| जनता प्रा वि | १४ | ४ | १२ | ४०० | ४८०० |
| दोवान विद्याज्योति प्रा वि | १७ | ६ | ११ | ४०० | ४४०० |
| अन्नपूर्ण आ वि | ३२ | १२ | २५ | ४०० | १०००० |
| सरस्वति आ वि | २७ | ११ | १६ | ४०० | ६४०० |
| कालिका प्रा वि | १४ | ३ | ११ | ४०० | ४४०० |
| राम आ वि | ५२ | १५ | ३७ | ४०० | १४८०० |
| जनचेतना प्रावि | १० | ० | १० | ४०० | ४००० |
| भगवति प्रावि | ३० | २ | २८ | ४०० | ११२०० |
| जनज्योती प्रावि | १२ | ० | १२ | ४०० | ४८०० |
| सरस्वती प्रावि | ३८ | १६ | २२ | ४०० | ८८०० |
| चन्द्र ज्योति | १७ | ४ | १३ | ४०० | ५२०० |
| जनकल्याण आवि | ४९ | १६ | ३३ | ४०० | १३२०० |
| नारायणी आवि | २३ | ० | २३ | ४०० | ९२०० |
| मालिका प्रावि | ६५ | ४ | ६१ | ४०० | २४४०० |
| लक्ष्मी प्रा वि | १६ | ० | १६ | ४०० | ६४०० |
| दुर्गादिवी प्रावि | १२ | ० | १२ | ४०० | ४८०० |
| अमृत आवि | ७० | २७ | ४३ | ४०० | १७२०० |
| कालिका आवि | २५ | ० | २५ | ४०० | १०००० |
| नेपाल राष्ट्रिय आवि | २२ | ८ | १४ | ४०० | ५६०० |
| दुर्गा प्रावि | ११ | १ | १० | ४०० | ४००० |
| | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| शिव प्रावि | २६ | २ | २४ | ४०० | ९६०० |
| कौवा प्रा वि | ११ | १ | १० | ४०० | ४००० |
| इन्द्रज्यती आ वि | २२ | ६ | १६ | ४०० | ६४०० |
| शान्ती आ वि | १३ | १ | १२ | ४०० | ४८०० |
| वागेश्वरी प्रा वि | ११ | ० | ११ | ४०० | ४४०० |
| सरस्वती प्रा वि | ४० | ० | ४० | ४०० | १६००० |
| कालिका आवि | ५१ | १० | ४१ | ४०० | १६४०० |
| शंकरस्थान आवि | ४० | ८ | ३२ | ४०० | १२८०० |
| इन्द्ज्यती आवि | २२ | १ | २१ | ४०० | ८४०० |
| लक्ष्मि प्रावि | ५२ | २६ | २६ | ४०० | १०४०० |
| मष्टा प्रावि | २२ | ६ | १६ | ४०० | ६४०० |
| महादेव प्रा वि | १९ | ० | १९ | ४०० | ७६०० |
| जनविकास आवि | २५ | ४ | २१ | ४०० | ८४०० |
| **जम्मा** | | | | | **३८००००** |

| असुल गर्नुपर्ने | ३,८०,००० |
|---|---|

९२ **शिक्षक काज**

शिक्षा तथा मानव श्रोत विकास केन्द्र सानोठिमी भक्तपुर च नं १२३ मिति २०७५।११।८ श्रोत केन्द्र तथा श्रोत व्यक्ति व्यवस्थापन सम्वन्धी पत्र अनुसार सवै श्रोत व्यक्ति पदाधिकार रहेको विद्यालयमा अध्यापन गराउने गरी फिर्ता निर्णय गरेको छ । पालिकाले हालसम्म पनि ३ जना शिक्षकलाई पालिका काजमा राखी कामकाज गराएको पाइयो विद्यालयमा अध्यापन गराउने शिक्षकलाई पालिकमा काज राखी कामकाज गराउने कार्य विभागको परिपत्र विपरित देखिन्छ ।

| सैद्धान्तिक बेरुजु |
|---|

९३ **सरुवा पछीको तलव भत्ता**

३८०।०८०।३।१५ जनप्रिय मावि दसेरा जाजरकोटवाट सरुवा भई भगवतीमाइ गाउपालिका दैलेख गएका शिक्षक मदन प्रकाश थापालाई विद्यालयको २०८०।७।२० को सरुवा पत्र अनुसार २०८० आश्विन मसान्त सम्मको तलव भत्ता भुक्तानी भएको उल्लेख भएकोमा निजालाई कार्तिक महिनाको समेत तलव भत्ता भुक्तानी भएकोले वढी भुक्तानी रकम रु४९९३४ असुल गर्नुपर्ने रु

| असुल गर्नुपर्ने | ४९,९३४ |
|---|---|

९४ **गयल कट्टी**

शिक्षा सेवा नियमावली २०२८ निरन्तर विद्यालय अनुपस्थित हुने शिक्षकलाई गयल कट्टी गर्न सक्ने व्यवस्था छ। पालिकाले शिक्षकको विभिन्न मितिमा अनुगमन गरी निरन्तर अनुपस्थित शिक्षकको गयल कट्टी गरेको पाइयो । गयल कट्टी भएको रकम संघिय संथित कोष दाखिला गर्नुपर्नेमा स्थानीय संथित कोषमा दाखिला भएकोले भौ नं. १२७ बाट रु४३६८। भौचर नं ३६० वाट रु२१९९७। गरी जम्मा रु२६३६५। संघिय संचित कोष फिर्ता गर्नुपर्ने रु

| असुल गर्नुपर्ने | २६,३६५ |
|---|---|

९५ **स्थानिय भत्ता**

शिक्षा तथा मानव श्रोत विकास केन्द्र सानोठिमी भक्तपुरको कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ अनुसार विद्यालय शिक्षकको लागि स्थानिय भत्ता रकम भुक्तानी गर्दा १०.५ महिनाको मात्र भुक्तानी गर्नुपर्ने उल्लेख भएकोमा पालिकाले निम्नानुसार शिक्षकलाई १२ महिनाको भुक्तानी गरेकोले वढी भुक्तानी रकम असुल गर्नुपर्ने

| शिक्षकको नाम | कार्यरत विद्यालय | तह | निकासा हुनुपर्ने स्थानीय भत्ता | निकासा भएको स्थानीय भत्ता | वढी भुक्तानी रकम |
|---|---|---|---|---|---|
| मान बहादुर खत्री | इन्द्रज्योति आवि | प्रावि | ६९०० | १३८०० | ६९०० |
| प्रविण सिंह | सरस्वति आवि | प्रावि | ६९०० | १३८०० | ६९०० |
| दिलिप राज विटालु | बालकल्याण | प्रावि | ६९०० | १३८०० | ६९०० |
| खिमा ज्योति | बागेश्वरी प्रावि | प्रावि | ६९०० | १३८०० | ६९०० |
| इलम बहादुर शाही | न पा काज | मावि | २८५०० | १३७२५ | १३७२५ |
| कृष्ण बहादुर थापा | न प काज | मावि | २६४०० | १३२०० | १३२०० |
| टेक बहादुर थापा | न पा काज | मावि | २६४०० | १३२०० | १३२०० |
| **जम्मा** | | | | | **६७७२५** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६७,७२५ |

९६ **पाठ्यपुस्तक**

शिक्षा तथा मानव श्रोत विकास केन्द्र सानोठिमी भक्तपुरको कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ अनुसार बालबालिकाको विद्यालय शिक्षामा पहुँच अभिवृद्धि गर्न, गुणस्तर सुधार तथा सिकाई निरन्तरताका लागि निशुल्क पाठ्यपुस्तक वितरण गर्ने व्यवस्था गरेको छ । IEMIS मा प्रविष्ट तथ्याङ्कलाई स्थानिय तह अन्तरगत संचालित सामुदायिक विद्यालयमा कक्षा १-१२ सम्मका विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसंग सत्यपन गराई सत्यापित विवरण शिक्षा अधिकृतवाट प्रमाणित गरी सोका आधारमा आवश्यक कक्षागत र विषयगत पाठ्यपुस्तकको संख्या एकीन गर्ने र सो को आधारमा सुरुमा ७५ प्रतिशत निकासा गर्ने र पछि प्राप्त विल भर्पाइको आधारमा नपुग रकम उपलव्ध गराउने उल्लेख छ । पालिकाले उल्लेखित विद्यालयहरुलाई विद्यार्थी संख्याको आधारमा गर्नपर्ने निकासा भन्दा वढी निकासा रकम असुल गर्नुपर्ने रु

| नाम | शतप्रतिशत रकम | ७५% रकम | थप रकम | ७५ र थप जम्मा | वढी भुक्तानी |
|---|---|---|---|---|---|
| भाग्योदयमावि छेनपा ५ | २६४६१२ | १९८४५९ | १००००० | २९८४५९ | ३३८४७ |
| पशुपतिआवि छेनपा ५ | ७६९३२ | ५७६६९ | ४३६६० | १०११३५९ | २४४२७ |
| जनप्रियमावि छेनपा ३ | ३७०२१४ | २७७६६१ | १८६०८६ | ४६३७४७ | ९३५३२ |
| जनविकासप्रावि छेनपा ३ | ३८८९२ | २९१६९ | १७६१९ | ४६७८८ | ७८९६ |
| बाल माविछेनपा ११ | ३००६७३ | २२५५०५ | १४१२४० | ३६६७४५ | ६६०७२ |
| लालीगुँरासप्रावि छेनपा ११ | ३०१९६ | २२६४७ | १६२९१ | ३८९३८ | ८७४२ |
| राम माविछेनपा १० | ३३१८२७ | २४८८७० | ११५६७० | ३६४५४० | ३२७१३ |
| जनज्योतिआवि छेनपा १३ | ५३५५० | ४०१६३ | १६८३३ | ५६९९६ | ३४४५ |
| सरस्वति आवि छेनपा १३ | १२३९८७ | ९२९९० | ४६००२ | १३८९९२ | १५००५ |
| हिमालयआवि छेनपा १२ | २०८५० | १५६३८ | १४६२८ | ३०२६६ | ९४१५ |
| जनकल्याणमाविछेनपा १२ | २४७०१४ | १८५२६१ | ६५७३५ | १५०९९६ | ३९८१ |
| नारायणीमावि छेनपा १२ | ३६३८०६ | २७२८५५ | ३४२७७३ | ६१५६२८ | २५१८२१ |
| कालिकामावि छेनपा ९ | १६३६९४ | १२२७७० | ९९८७२ | २२२६४२ | ५८९४९ |
| शिवप्रावि छेनपा ८ | ६८२०२ | ५११५१ | २२३०७ | ७३४५८ | ५२५७ |
| भानुभक्तआवि छेनपा ७ | १०३९५० | ७७९६२ | ३११७० | १०९१३२ | ५१८३ |
| शान्ति आवि छेनपा ९ | ५९७६४ | ४४८२३ | ६९६२३ | ११४४४६ | ५४६८२ |
| पिपलचौतारीप्रावि छेनपा १ | २३८८५ | १७९१४ | ९६७० | २७५८४ | ३६९९ |
| शंकरस्थानमावि छेनपा २ | १७७८१० | १३३३५८ | ६१८९३ | १९५२५१ | १७४४० |
| लक्ष्मीमावि छेनपा २ | ३६९३८ | २७७४५४ | १३८४०३ | ४१५८५७ | ४५९१८ |
| जनविकासमावि छेनपा ६ | २१४८८० | १६११६० | ७५९७१ | २३७१३१ | २२२५१ |
| जम्मा | | | | | ७६४२७५ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७,६४,२७५ |

# अनुगमन लेखापरीक्षण

९७ बेरुजू फछ्र्योट तथा अनुगमन

**(क) सम्परीक्षण :-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३९ र ४० बमोजिम लेखापरीक्षणबाट औँल्याइएका बेरुजू सम्बन्धमा प्रमाण पेश गरी वा नियमित गरी गराई वा असुल उपरगरी फर्स्यौट गर्ने पहिलो जिम्मेवारी तथा दायित्व बेरुजूसँग सम्बन्धित जिम्मेवार व्यक्ति तथा आर्थिक कारोबारमा संलग्न पदाधिकारी को हुने उल्लेख छ । कार्यालयले २०८०/८१ सम्मको बाँकी बेरुजु रु २८२७५५ हजार मध्ये रु ९८२५२२१ फर्स्यौट गरी सम्परीक्षणका लागि म्यानुअल/नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली मार्फत अनुरोध गरेकोमा उक्त बेरुजु सम्परीक्षण गरिएको छ ।

**(ख) अद्यावधिक बेरुजुको अवस्थाः** यस **छेडागाड नगरपालिका, जाजरकोट** को २०८०/८१ सम्मको फस्यौंट गर्न बाँकी बेरुजुको स्थिति देहाय अनुसार रहेको छ । नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली लागू भए पश्चात बेरुजुको संपरीक्षण पनि उक्त प्रणालीबाट नै हुने भएकाले बाँकी बेरुजु संपरीक्षण गर्ने तर्फ कार्यालयको ध्यान जानु पर्दछ । रु हजारमा

| सि.नं | गत वर्षसम्मको बाँकी बेरुजू (A) | यो वर्ष संपरीक्षण गरिएको बेरुजू(B) | यो वर्ष कायम बेरुजू(C) | संपरीक्षणबाट कायम बेरुजू(D) | अध्यावधिक बाँकी बेरुजू (E=A-B+C+D) |
|---|---|---|---|---|---|
| १ | २८२७५५ | ९८२५ | ४५२११ | ० | ३१८१४१ |

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : छेडागाड नगरपालिका, जाजरकोट , छेडागाड नगरपालिका , जाजरकोट

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | सिँहराज डाँगी | २०८०-६-२१ | २०८०-१०-१५ |
| कार्यालय प्रमुख | गंग बहादुर रोकाय | २०८०-१०-१६ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | खेम राज शर्मा | २०७७-४-१ | २०८०-११-१५ |
| लेखा प्रमुख | प्रेम ओली | २०८०-११-१६ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| १३,४३१,४८२ | २६,६७७,४२३ | १,६६६,६९१.८५ | ० | ० | ३,४३५,००० |
| | | | | **जम्मा बेरुजु रकम** | ४५,२१०,५९६.८५ |
| | | | | **लेखापरीक्षणको क्रममा असुली रु** | १,१०५,७०५ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | १८४६९९०८ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ८९३५४९२०९.२५ | चालु खर्च | ९२८२५९५७५.२५ |
| प्रदेश सरकारबाट अनुदान | १००८७२००० | पूँजीगत खर्च | १२१२५६७९३ |
| राजश्व बाँडफाँट | १११०४२०७३ | वित्तीय/अन्य व्यवस्था | ४४५६७२५० |
| आन्तरिक आय | ७५३२२२६.० | | |
| अन्य आय | ०.० | | |
| कुल आय | १११२९९५५०८.२५ | कुल खर्च | १०९४०८३६१८.२५ |
| बाँकी मौज्दात | | ३७३८१७९८ | |

## अनुसूची - २